महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(लुम्बीनी, कर्णाली र सुदूरपश्चिम प्रदेश)

प.सः २०७८।७९
च.नः१३६

मितिः २०७८।५।४

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

श्री प्रमुखज्यू,
केदारस्यूँ गाउँपालिका, बझाङ ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २० (३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

नारायण एम.सी.
( नायव महालेखापरीक्षक)

*बोधार्थः*
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाडौं — प्रतिवेदन संलग्न छ ।

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np
"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

Scanned with CamScanner

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

२०७८ भाद्र ४ गते

Scanned with CamScanner

# महालेखापरीक्षकको कार्यालय
## Office of the Auditor General

बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेश)


पत्र संख्या: २०७८/७९ मिति:२०७८।५।४
च.नं.१३७

श्रीमान् अध्यक्षज्यू,
केदारस्यूँ गाउँपालिका, बझाङ ।

**विषय: लेखापरीक्षण प्रतिवेदन**

**कैफियत सहितको राय**

हामीले केदारस्यूँ गाउँपालिकाको आर्थिक वर्ष २०७६।७७ को बित्तिय विवरण र त्यससङ्ग सम्बन्धित आय व्यय विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर वाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।०७७ को बित्तिय विवरण र त्यससङ्ग सम्बन्धित आय व्यय विवरणले स्थानीय तहसङ्ग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. **लेखापरीक्षणबाट ७९ लाख ३१ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. ३३ लाख ८२ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.२७ लाख २ हजार र नियमित गर्नुपर्ने रु. १८ लाख ४७ हजार रहेको छ ।**

२. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७८।२।९ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना ३९ (उनान्चालिस) यसैसाथ संलग्न छ ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकी नहुने कुनै जानकारी खुलाएको छैनः ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो रायव्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।



Scanned with CamScanner

**वित्तिय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानून बमोजिम सही र यथार्थ हुने गरी वित्तिय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तिय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँकार्यपालिका, गाउँपालिका अध्यक्ष तथा प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तिय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तिय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्मप्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्वन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन् । वित्तिय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(नारायण एम.सी.)

नायब महालेखापरीक्षक

Scanned with CamScanner

# केदारस्यूँ गाउँपालिका
## लेखापरीक्षण प्रतिवेदन
### २०७६।०७७

**परिचयः**– स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस केदारस्यूँ गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउपालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ९ वडा, ४६ सभा सदस्य, ११४ वर्ग किलोमिटर क्षेत्रफल तथा करिब २३ हजार जनसङ्ख्या रहेको छ ।

**स्थानीय सञ्चित कोष :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहयता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आय व्यय हिसाबको आर्थिक वर्ष २०७६।०७७ को समग्र सञ्चित कोषको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छः

| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | ४५६७७५७७.०१ | १ | चालु खर्च | | २८४९६९२९३.९६ |
| | क) नगद | | | २ | पूँजीगत खर्च | | १२९२३०८६५.४५ |
| | ख) बैंक | | | ३ | वित्तिय व्यवस्था भुक्तानी | | |
| २ | राजस्व ( आन्तरिक आय) | | ४८०२०९८९.१८ | | क) ऋण भुक्तानी | | |
| | क) आन्तरिक राजस्व | ११६३५०७ | | | ख) ब्याज भुक्तानी | | |
| | ख) राजस्व बाँडफाँड | ४६८५७४८२.१८ | | | ग) अन्य भुक्तानी | | |
| | ग) अन्य आय | | | ४ | लगानी | | |
| ३ | वित्तिय हस्तान्तरण संघ | | ३४०८७२००० | | ऋण लगानी | | |
| | क) वित्तिय समानीकरण अनुदान | ११६१००००० | | | शेयर लगानी | | |
| | ख) सशर्त अनुदान | २१४७७२००० | | | अन्य लगानी | | |
| | ग) समपूरक अनुदान | ० | | ५ | विविध खर्च | | ४००००० |
| | घ) विशेष अनुदान | १०००००००० | | ६ | विषयगत निकायको खर्च | | ७७६६४३८२.५ |
| | | | | ७ | प्रकोप व्यवस्थापन कोष खर्च | | १३९७३५३२ |
| | | | | | विवितध कोष खर्च | | १०१७०६६ |
| | | | | | धरौटी फिर्ता | | .३४९०७८.०४ |
| | | | | | | | |
| | | | | | विविध कोष मौज्दात | | २००८९३४ |



Scanned with CamScanner

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | २०७३५००० | | प्रकोप कोष मौज्दात | | १०६३४३ |
| | क) वित्तिय समानीकरण अनुदान | ६९००००० | | ८ | मौज्दात | | |
| | ख) सशर्त अनुदान | ६३१५००० | | | क) बैंक मौज्दात | | ३९५४१८९९.७८ |
| | ग) समपुरक अनुदान | २०००० | | | ख) धरौट मौज्दात | | १८५०८९३.९६ |
| | घ) विशेष अनुदान | ७५००००० | | ९ | संघिय शसर्त अनुदान फिर्ता बाकी | | ९९७६७१२.०४ |
| ५ | अन्तर स्थानीय तहबाट प्राप्त | | | १० | फरक रकम | | ४८१९४३.६६ |
| ६ | अन्य | | | | | | |
| ९ | विषयगत निकायबाट प्राप्त | | १०४०६५४०५.२४ | | | | |
| १० | धरौटी आय | | २१९९९७२ | | | | |
| | क) गतको अल्या | ११०४४१३.९६ | | | | | |
| | ख) धरौटी आय | १०९५५५९ | | | | | |
| ११ | लगानीको साँवा फिर्ता | | | | | | |
| १२ | अन्य विविध आय | | | | | | |
| | जम्मा | | ५६१५७०९४४.३९ | | जम्मा | | ५६१५७०९४४.३९ |

Scanned with CamScanner

| दफा | भौ.नं, मिति र व्यहोरा | बेरुजु रकम |
| --- | --- | --- |
| | • वित्तिय विवरण विश्लेषणः | |
| १. | **वित्तिय विवरणः–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाब राख्नु पर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नु पर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>• स्थानीय तहले सञ्चित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम सञ्चित कोषबाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन् ।<br>• स्थानीय तहले बैङ्क समायोजन हिसाब खाता राखेको छैन् । जसबाट स्थानीय तहको असार मसान्तको बैङ्क मौज्दात र श्रेस्ताको मौज्दात रु. ११८९०९३७।०५ ले फरक देखिएको छ।<br>• लेखापरीक्षणका क्रममा बैङ्क नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन् ।<br>• कतिपय सम्बन्धित आर्थिक कारोबारहरुको गोश्वरा भौचर बजेट शिर्षकगत बैङ्क नगदी किताबमा नजनाएकाले श्रेस्ता अनुसार बैङ्क मैज्दात ऋणात्मक रहेको तथा स्थानीय तहका सबै खाताहरुको एकमुष्ट हिसाब गर्दा मौज्दात ऋणात्मक नरहेको ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गिकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६ (२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाइएन ।<br>त्यसैले तोके बमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखाङ्कन गर्नु पर्दछ । | |
| | **बैङ्क हिसाब मिलान नगरेकोः–** स्थानीय तह सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैङ्क खाताको हिसाव मिलान विवरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहाय बमोजिमको खाताको बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार रु. ११८९०९३७।०५ फरक पर्न गएकोले बैङ्क हिसाब मिलान विवरण तयार गरेर स्रेस्ता अद्यावधिक गर्नु पर्दछ । | |
| | **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्नेमा लागू गरेको पाइएन । यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपसील बमोजिम रहेका छन् | |



Scanned with CamScanner

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजु रकम |
|---|---|---|
| | • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्याङ्क सङ्कलन, अभिलेखाङ्कन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाइएन ।<br>• गाउँपालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसूची १४ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन ।<br>• गाउँपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन । साथै गाउँपालिकाबाट यस वर्ष सञ्चालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाइएन ।<br>• कार्यालयको श्रेष्ता र बैङ्क बीचको हिसाब फरक परे वा नपरेको सम्बन्धमा बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण हिसाब मिलान भए नभएको सम्बन्धमा यकीन गर्न सकिएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नु पर्नेमा गाउँपालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन ।<br>• विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखि रहेको पाइयो ।<br>• गाउँपालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा बिभिन्न सङ्घ संस्थालाई वितरण गरेको पाइयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी समान सहितको अभिलेख देखिने गरी गाउँपालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाइएन ।<br>• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार बिभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाइएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ (क) मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ-टीडिएस गरेको छैन् ।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br>• कुनै रकम रकमको भुक्तानी दिंदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद बील भर्पाइहरुमा सिलसिलेवार नम्बर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाइएन ।<br>• सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ७ र ८ मा खरीदको गुरुयोजना र वार्षिक खरीद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाइएन । | |



Scanned with CamScanner

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजु रकम |
|---|---|---|
| | • ठेक्काहरुको बिस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाइएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाइएन ।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ गाउँपालिकाबाट सञ्चालन भएका बिभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाइएन ।<br>• वातावरणको संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको छैन् ।<br>• जिन्सी निरीक्षण फाराम प्रतिवेदन तयार पारेको देखिएन ।<br>• मर्मत सम्भार अभिलेख किताब तयार पारेको देखिएन ।<br>• कर्मचारी अभिलेख किताब तयार पारेको देखिएन ।<br>• कन्टिन्जेन्सी सम्बन्धीको विवरण तयार पारिएको अभिलेख तयार पारेको देखिएन ।<br>• डोर हाजिरी सम्बन्धि अभिलेख तयार पारेको देखिएन ।<br>• गाउँपालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको पाईयो ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाइएन।<br>• निजामती सेवा ऐन, २०४९ वमोजिम कार्य विवरण बनाई लागू गरेको पाइएन ।<br>• निजामती सेवा ऐन, २०४९ को दफा ७ (ख) (२) बमोजिम तलबी प्रतिवेदन पारीत गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलबी प्रतिवेदन पारीत नगरि खर्च लेखेको पाइयो । तलबी प्रतिवेदन पारित नहुँदा ग्रेड समेत यकिन हुन सकेन ।<br><br>तसर्थ, गाउँपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| . | **सम्पत्ति हस्तान्तरण** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्तभित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार | |



Scanned with CamScanner

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजु रकम |
|---|---|---|
| | नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाइल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाइएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरीद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । | |
| | • बजेट तथा कार्यक्रम: | |
| . | **बजेट पेश, पारित र अख्तियारी:-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारीत गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्रीमति निशा धामीले मिति २०७६।३।१० गते रु. ५२ करोड ८९ लाख ४७ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७६।४।२ मा पारीत भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७६/४/१५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारीत गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ । | |
| . | **बजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरी सक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानूनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन् । ऐनमा व्यवस्था भए अनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| | **बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ (१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको | |



Scanned with CamScanner

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजु रकम |
|---|---|---|
| | ब्यवस्थाको परीपालनामा ध्यान दिनु पर्दछ । | |
| ८. | **चौमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्य सम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परीपाटीमा नियन्त्रण गर्नुपर्दछ । | |

| बजेट उपशिर्षक | कूल खर्च | चौमासिक खर्च रु. हजारमा | | | |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिना |
| चालु खर्चतर्फ | २८५३६९ | ६५२२५ | १३५३६ | २०६६०८ | ११०३९८ |
| पूँजिगत खर्चतर्फ | १२९२३१ | १५० | १५१२ | १२७५६९ | ९४४०१ |
| जम्मा | ४१४६०० | ६५३७५ | १५०४८ | ३३४१७७ | २०४७९९ |
| प्रतिशत | | १५.७७ | ३.६३ | ८०.६० | ४९.३९ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार बार्षिक रु. ४१ करोड ४६ लाख निकासा भएकोमा प्रथम चौमासिकमा रु. ६ करोड ५३ लाख ७५ हजार अर्थात् १५.७७ प्रतिशत, दोश्रो चौमासिकमा रु. १ करोड ५० लाख ४८ हजार अर्थात् ३.६३ प्रतिशत र तेश्रो चौमासिकमा रु. ३३ करोड ४१ लाख ७७ हजार अर्थात् ८०.६० प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. २० करोड ४७ लाख ९९ हजार अर्थात् ४९.३९ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरीनु पर्दछ ।

**क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।०७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहाय अनुसार रहेको देखिन्छ ।

| क्र.सं. | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत जम्मा खर्चको तुलनामा |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३२४९५००० | २८०२०७८२ | ६.७६ |
| २ | पूर्वाधार विकास | ११२६४०५७७ | ५८४५३३८९ | १४.१ |
| ३ | सामाजिक विकास | २८३७१४००० | २५६०५११०८ | ६१.७६ |
| ४ | बातावरण तथा विकास | ० | ० | |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १४६७४०२० | १३४११५६६० | ३२.३५ |



Scanned with CamScanner

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| | | |

| | | | | |
|---|---|---|---|---|
| ६ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | ८८४२२९८० | ५८६५९२२१ | १४.१५ |
| | | जम्मा | ४१४६००१५९ | |

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| | उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ६१.७६ प्रतिशत र आर्थिक विकासमा मा सबै भन्दा घटी ६.७६ प्रतिशत रहेको छ भने वातवरण तथा विकासमा शुन्य बजेट रहेको छ । | |
| १०. | **खर्च बिश्लेषणः** पालिकाले यस बर्ष कूल आन्तिरक आयबाट रु. ११ लाख ६३ हजार राजस्व बाँडफाँड र अनुदानबाट रु. ४० करोड ९६ लाख २८ हजार समेत रु. ४१ करोड ७ लाख ९१ हजार आम्दानी भएकोमा चालुतर्फ रु. २१ करोड १ लाख ८३ हजार र पूँजिगततर्फ रु. १२ करोड ९२ लाख ३१ हजार समेत रु. ३३ करोड ९४ लाख १४ हजार खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.३४ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुविधामा रु. ५६ लाख २८ हजार खर्च भएको छ जुन आन्तरिक आयको १.६६ प्रतिशत रहेको छ । गाउँपालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट खर्च भएको देखिन्छ । यसबाट पालिकाले बिकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परीचालन गरिनु पर्दछ । | |
| | **सङ्गठन तथा कर्मचारी व्यवस्थापनः** | |
| १. | **प्रशासकीय सङ्गठन र कर्मचारी व्यवस्थापनः-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा सङ्गठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३३ दरबन्दी स्वीकृत रहेकोमा २१ जना पदपूर्ती भएको देखिन्छ । प्रमुख प्रशासकिय अधिकृत सहित कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जिनियर, जनस्वास्थ्य प्रमुख लगायत १२ पदहरु रीक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ, रीक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनु पर्दछ । | |
| २. | **कर्मचारी करारः** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी सङ्गठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिइने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकाले विभिन्न पदमा २४ जना कर्मचारीहरु करारमा राखी रु. ५१ लाख ८४ हजार खर्च लेखेको छ । | |
| ३. | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा | |



Scanned with CamScanner

| दफा | भौ.नं, मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| | ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जङ्गल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्क वेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यसतर्फ पालिकाले अभिलेख व्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| १४. | **वडा सचिवको पदपूर्ति :** पालिका अन्तर्गतका वडा कार्यालयबाट सञ्चालित सेवा प्रवाहमा महत्वपूर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रीक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ । | |
| १५. | **सेवा प्रवाहको स्थिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था अनुसार २ वटा ऐन र ५ बटा कार्यविधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ : | |

| वडा संख्या | वड सचिवको दरवन्दी | वडा सचिवको पदपूर्ति | रीक्त वडा सचिव |
|---|---|---|---|
| ९ | ९ | ७ | २ |

| विवरण | जम्मा |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | २० |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | ९२० |
| मृत्युदर्ता | ८५ |
| बसाईसराई दर्ता | ३५ |
| विवाह दर्ता | १०७ |
| सम्बन्ध विच्छेद दर्ता | |
| **पूर्वाधार विकास सडक निर्माण** | |
| कालोपत्रे सडक निर्माण | ० |
| कालोपत्रे सडक मर्मत | ० |
| ग्राभेल सडक निर्माण | ० |
| ग्राभेल सडक मर्मत | ० |

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवा प्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोषजनक देखिएन । सेवा प्रवाहमा सुधार हुनु पर्दछ ।

Scanned with CamScanner

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजु रकम |
|---|---|---|
| १६. | योजना छनौट र कार्यान्वयन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत वार्षिक गाउँ विकास योजना २०७६/०७७ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले सञ्चालन गरेको पाइएन । पालिकाले यस वर्ष सञ्चालन गरेका योजना देहाय अनुसार छन् । | |

**विवरण**

| रु. १ लाख सम्म | रु. १ लाख देखि २ लाखसम्म | रु. २ लाखदेखि ५ लाखसम्मका | रु. ५ लाख देखि १० लाखसम्मका | रु. १० लाखभन्दा बढीको | जम्मा |
|---|---|---|---|---|---|
| २१ | ६५ | १२८ | २५ | १५ | २५४ |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजु रकम |
|---|---|---|
| | उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु. ५० हजार देखि ४२ लाख सम्मका जम्मा २५४ वटा योजना सञ्चालन गरेकोमा रु. १ लाख भन्दा मुनिका मात्र २१ वटा योजनाहरु रहेका छन्। त्यसैले साना रकमका धेरै योजनाहरु सञ्चालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरी योजना व्यवस्थापनमा खटिनु पर्ने, सञ्चालित योजनाबाट चालु प्रकृतिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्थातर्फ ध्यान दिनु पर्दछ। | |
| | • **कानून निर्माण एवं कार्यान्वयनः** | |
| ७. | **कानून र सञ्चालन स्थितिः-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जस अनुसार स्थानीय तह सञ्चालनको लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस गाउपालिकाले हालसम्म २ वटा ऐन र ५ वटा कार्यविधि गरी जम्मा ७ वटा कानून निर्माण गरी कार्यान्यनमा ल्याएको छ । | |
| ८. | **न्यायिक समितिः-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १२ र यो वर्ष थप भएको ३८ गरी कुल ५० विवाद दर्ता भएकोमा पूरै विवाद फछ्र्यौट भई शत प्रतिशत प्रगति हासिल भएको छ । | |
| | • **पदाधिकारी सुविधाः** | |
| ९. | **पदाधिकारी सुविधाः** - सुदुरपश्चिम प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी, सदस्य र सभाको सदस्यले आफू निर्वाचित भई अनुसूची-१ बमोजिम पद तथा गोपनियताको शपथ लिई आफ्नो पदको काम कारबाही | |



Scanned with CamScanner

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजु रकम |
|---|---|---|

शुरु गरेको मिति देखि मासिक सुबिधा पाउने व्यवस्था गरेकोमा सम्मानित सर्वोच्च अदालतको आदेशले २०७६ कार्तिक १ गते बाट लागू हुने गरी उक्त सुबिधाहरु खारेज गरेको छ । जस अनुसार सुदूरपश्चिम प्रदेश सरकारले संशोधन गरी मिति २०७७/३/८ मा पारित गरेको उक्त पदाधिकारी सुबिधा सम्बन्धी ऐनको अनूसूची १(क), १(ख), १(ग) मा उल्लेख भएको सुविधामात्र दिन मिल्ने देखिन्छ । जसबाट स्थानीय तहका पदाधिकारीहरुले मासिक पारिश्रमिक बापतको सूविधा पाउने देखिदैन् । पालिकाले पदाधिकारीको मासिक पारिश्रमिक सुबिधामा निम्नानुसार खर्च लेखेको देखिन्छ ।

| विवरण | अध्यक्ष | उपाध्यक्ष | वडा अध्यक्ष ९ जना | कार्यपालिका सदस्य ६ जना | सभा सदस्य २९ जना | जम्मा |
|---|---|---|---|---|---|---|
| मासिक सुविधा | ९१५०० | ७५००० | ५४००० | १४४००० | ४३५००० | १२८५५०० |
| सञ्चार सुविधा मासिक | ३३०० | ३००० | १५०० | ० | ० | ७८०० |
| यातायात खर्च | ० | ८१००० | १६२००० | ० | ० | २४३००० |
| टेलिफोन, | ५४०० | ४५००० | २८३५०० | १६२००० | ५२२००० | १०१७९०० |
| पत्रपत्रिका | ४५०० | ४०५०० | ३२४०० | १६२००० | ५२२०००० | ७६१४०० |
| समन्वय तथा सहजिकरण | ८१००० | ६३००० | ४८६०० | २७०००० | ७८३००० | १२४५६०० |
| अतिथि सत्कार | ९०००० | ८१००० | ५६७००० | ० | ० | ७३८००० |
| खानेपानी/विजुली /सरसफाई | ३१५०० | २७००० | १६२००० | १०८००० | ० | ३२८५०० |
| जम्मा ३ महिनाको | ३०७२०० | ४१५५०० | १७९७००० | ८४६००० | २२६२००० | ५६२७७०० |

२०. **स्थानीय तहका पदाधिकारी सुबिधा :** नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुबिधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने ब्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट कुनै पनि सुबिधा भुक्तानी भएको छैन् ।

२१. **खाना तथा विविध खर्चः-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु. ४२ लाख ६७ हजार खर्च गरेको छ । प्रयोजन नखुलाई यस्ता खर्चमा नियन्त्रण हुनु पर्दछ ।

२२. **आर्थिक सहायताः-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक



Scanned with CamScanner

| दफा | भौ.नं, मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| | सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन् । पालिकाले यस वर्ष ३५० जनालाई रु. २० लाख आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता वितरणको निर्देशिका बनाई यस्ता आर्थिक सहायता खर्च लेखी अनावश्यक आर्थिक सहायता दिने कार्यमा नियन्त्रण गर्नु पर्दछ । | |
| | • **अनुदान फिर्ता, वितरण र उपयोगः** | |
| २३. | **अनुदान फिर्ताः**— सङ्घीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक बाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७७ असार मसान्तमा देहाय बमोजिमको अनुदान खर्च नभई रु. ९९७६७१२.०४ बाँकी रहेकोमा फिर्ता गरेको पाइएन । खर्च नभई बाँकी रहेको निम्नानुसारको रकम सम्बन्धित निकायमा फिर्ता गर्नु पर्दछ । | |

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | बाँकी रकम |
|---|---|---|---|---|
| संघीय सरकार | शसर्त | २१४७७२००० | २१२४७९७९६.९६ | २२९२२०३.०४ |
| | विषेश | १०००००००० | ४२९२९९१ | ५७०७००९ |
| | सामाजिक सुरक्षा | ७६७६३५०० | ७४७८६००० | १९७७५०० |
| | जम्मा | | | ९९७६७१२.०४ |

| दफा | भौ.नं, मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| २४. | **महोत्सव तथा अन्य खर्चः**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिंदैन् । गाउँपालिकाले यस वर्ष त्रिवेणी धाम देउरा महोत्सव र नवदेउ मन्दिरलाई रु. ४ लाख ८० हजार खर्च गरेको छ । प्रयोजन नखुलाई यस्ता खर्चमा नियन्त्रण हुनु पर्दछ । | |
| २५. | **वार्षिक खरीद योजना/गुरुयोजना** : सार्वजनिक खरीद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरीद गर्दा तोकिए बमोजिमको खरीद गुरु योजना र वार्षिक खरीद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ७ ले वार्षिक रु. १० करोडभन्दा बढीको खरीद गर्दा गुरु योजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक रु. १० लाखभन्दा बढीको खरीद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १२ करोड ९२ लाख पूँजीगत खर्च/खरीद निर्माण कार्य गरेको छ । पालिकाले आफ्नो खरीद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरीद योजना र गुरु योजना नबनाई खरीद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरीद योजना/गुरु योजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरीद कार्य गर्नुपर्दछ । | |
| | • **कर दस्तुर एवं आन्तरिक आयः** | |



Scanned with CamScanner

| भौ.नं, मिति र ब्यहोरा | बेरुजु रकम |
|---|---|
| **आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । गाउँपालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर बापत अनुमानित रु. २२ लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७६।०७७ मा रु. ११ लाख ६३ हजार अर्थात् अनुमान भन्दा ४७.१४ प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ । | |
| **आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७६।०७७ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ । | |

| केन्द्रिय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३८८८९२९८९ | ११६३००० | ०.२९ |

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.२९ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

**कर तथा शुल्क असुलीः-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा बहाल कर, व्यवसाय कर र बहाल बिरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असूली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असूली | असूली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | ८००००० | ५००००० | ६२.५ |
| व्यवसाय रजिष्ट्रेशन कर | ५००००० | ३५०००० | ७० |
| जम्मा | १३००००० | ८५०००० | |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परीपाटी रहेकोले उल्लिखित असूली यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ, आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ ।

**राजश्व अभिलेख :** कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलीहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पूरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन् एकीन गर्न सकिएन । कार्यालयबाट सबै वडाहरुमा पनि स्वचालित प्रणाली जडान गरी राजस्व सङ्कलन गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले



Scanned with CamScanner

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजु रकम |
|---|---|---|
| | छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानबीन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुऱ्याउनु पर्ने देखियो । | |
| १०. | राजश्व दाखिला : आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम ९ (६) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्बन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गत ९ वटा वडा पालिका प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधिभित्र दाखिला गरेको छैन् । यसरी ढिला हुने गरी राजश्व रकम बैङ्क दाखिला भएको अवधिको कार्यालयले छानबीन गरी, जरीबाना रकम असूल गर्नुपर्ने देखिन्छ । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैङ्कमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ । | |
| ११. | रसिद नियन्त्रण खाताः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले आन्तरिक आम्दानी हुने रकमहरूको नगदी रसिद नियन्त्रण खाता राख्नु पर्दछ । कार्यालयले राजश्व असूलीमा प्रयोग हुने रसिद के कति छपाई गर्यो, गत विगतका कति रसीद बाँकी थिए र यो वर्ष कति खर्च भई के कति आगामी वर्षको लागि जिम्मेवारी सारेको छ तथा वडाहरुमा के कति रसिद पठाएको हो सो खुल्ने रसीद नियन्त्रण खाता राख्ने नगरेकोले राजश्व असूलीमा प्रयोग हुने रसिद उपर्युक्त ढङ्गवाट प्रयोग भएको छ भन्न सकिने आधार भएन । रसिदको प्रयोगलाई व्यवस्थित बनाइनु पर्दछ। | |
| १२. | बक्यौता रकम असुलीः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तिय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असूली गर्ने व्यवस्था छ । पालिकाले उठ्नुपर्ने रकमको लगत तयार गरेको छैन् । प्राप्त भएको रकम मात्र आम्दानी गर्ने गरेको छ । आय ठेक्का, सम्पत्ति बिक्री, मालपोत, अन्तशुल्क दस्तुरको वडागत लगत तयार नगरेवाट बक्यौता देखिन सक्ने अवस्था रहेन । राजश्व असूलीलाई व्यवस्थित गर्नुपर्दछ। | |
| | • उपभोक्ता समिति मार्फत कार्यः | |
| १३. | प्राविधिक बील र कार्य सम्पन्नः सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १२३(१) मा खरीद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बील वा अन्य कुनै बील बीजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा | |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजु रकम |
|---|---|---|
| | भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बीलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परीमाण र रकम उल्लेख भएको देखिन्छ। लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्मस अनुसार बीलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाइएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकीन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्मस अनुसारको उपभोक्ता समितिको बील बनाउँदा नापजाँचलाई वास्तविक कार्य सम्पादनमा आधारित बनाउनु पर्दछ । | |
| ३४. | **लागत सहभागिता:-** पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता बापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । | |
| ३५. | **कामको गुणस्तर र समयावधिः** सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिले समयमा कार्य सम्पन्न गर्न नसक्ने भएमा सो कुराको सूचना सार्वजनिक निकायलाई दिनु पर्ने, समितिको कार्य कुनै निर्माण व्यवसायी वा सब कन्स्ट्रक्सनबाट गराउन नपाउने तथा सार्वजनिक निकायको जिम्मेवारीमा उपभोक्ता समितिको काममा मितव्ययीता, गुणस्तरियता, दिगोपना अभिवृद्धि गर्न कामको जाँचापास गर्ने, सुपरीवेक्षण र अनुगमन गर्न, आम्दानी खर्चको अभिलेख राख्न लगाउने जस्ता कुराहरु तोकेको छ । यस वर्ष कार्यालयले अधिकांश उपभोक्ता समितिसँग छोटो अवधिमा कार्य सम्पन्न गर्ने गरी सम्झौताको आधारमा वर्षान्तमा एकै पटक बील पेश गरेको आधारमा अनुदान खर्च लेखेको छ । सामान खरीद गरेका बीलको आधारमा अनुदान माग हुने गरेको, वडाको सिफारिसमा सामान प्राप्त भएको भनी सम्झौता अनुसारको कार्य सम्पन्न भएको भनी पूरै रकम अनुदान खातामा निकासा गर्नु उपयुक्त देखिएन । ५० लाख सम्मको लागत अनुमान भएको कार्य ८ दिनमा सम्पन्न गरेको देखिन्छ । जसबाट सो कार्यको गुणस्तर र दिगोपनाको सुनिश्चितता हुन सक्ने अवस्था देखिदैन् । उपभोक्ता समितिले खर्चका बील भरपाईका आधारमा दिएको अनुदान बराबरको यन्त्र औजार जडान, भवन निर्माण सञ्चालनको कार्य सम्पन्न भएको प्राविधिक प्रतिवेदन बेगर उक्त कार्य सोही अवधिमा नै सम्पन्न भएको एकीन गर्न सकिएन । | |
| ३६. | **योजना हस्तान्तरणः** सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ९७(१३) मा उपभोक्ता वा लाभग्राही समुदाय मार्फत् निर्माण सम्पन्न योजना निर्माण सम्पन्न भए पश्चात्त आयोजनाको स्वामित्व सोही समितिलाई हस्तान्तरण गर्नुपर्ने व्यवस्था रहेको, कार्यालयले सो बमोजिम योजना हस्तान्तरण गरेको पाइएन । योजना हस्तान्तरण नहुँदा सोको रेखदेख, मर्मतको जिम्मेवारी समेत कार्यालयमा | |



Scanned with CamScanner

| दफा | भौ.नं, मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| | रही थप व्यय भार थपिन जाने देखिन्छ । | |
| १७. | **निर्माण कार्यको गुणस्तरः** सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १११(१ङ) अनुसार सार्वजनिक निकायले खरीद  सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्नुपर्दछ । कार्यालयले उपभोक्ता समिति मार्फत् निर्माण/कार्यान्वयन गराइएका योजनाको दिगोपनाका लागि सम्बन्धित उपभोक्ता समिति मार्फत् आवश्यक व्यवस्था गर्नुपर्दछ । कार्यालयले निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न बिभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, ढुङ्गा र सिमेन्टको गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि प्रयोग हुने ग्याबियन तार, सिमेण्ट, मोर्टार तथा कंक्रिट क्यूब टेष्ट गराउने, कालोपत्रे सडकको परीक्षण जस्ता कार्य गराएको पाइएन । यसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्वन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन् । अतः नियमावली तथा सम्झौतामा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न गुणस्तर परीक्षणलाई अनिवार्य गर्नु पर्दछ । गुणस्तर परीक्षणमा देखिएको थप व्यहोरा निम्नानुसार देखियो ।<br>• निर्माण व्यवसायीबाट Quality Assurance Plan(QAP) पेश नगराएको ।<br>• सम्झौता साथ पेशगरेको specification अनुसार काम नगराएको ।<br>• Specification उल्लेख गरे अनुसार फलामे डण्डी, गिट्टि बालुवा, ढुङ्गा, ईटा, जी.आई तार (जिङ्क), सिमेन्ट, माटो विटुमिन कम्याक्सन, सिमेन्ट स्याण्ड मोर्टार पुलको भार वहन क्षमता, कंक्रिट क्यूव पाइप तथा फिटीङ्ग आदिको गुणस्तर परीक्षण समेत नगरी भुक्तानी दिएको।<br>• गुणस्तर परीक्षणको लागि कार्यालयको आफ्नै ल्याब र प्राविधिक जनशक्ति उपलब्ध नरहेको।<br>• ठेक्काको Bill of Quantity (BOQ) र दर विश्लेषणमा गुणस्तर परीक्षणको लागि रकम व्यवस्था नगरेको ।<br>• गुणस्तर परीक्षणको लागि सिलबन्दी नमूना प्रयोग गर्नु पर्नेमा नमूनाहरु प्रयोग नगरेको।<br>• संरचनाहरु निर्माण गर्दा स्पेसिफिकेसनमा उल्लेखित स्थानको (Quarry site) निर्माण सामाग्री प्रयोग गर्नु पर्नेमा अन्य स्थानमा सामाग्रीहरु प्रयोग गरेको ।<br>कार्यालयमा प्राविधिक जनशक्ति पर्याप्त भएर वा नभएर निर्माण स्थलको निरीक्षण र सुपरभिजन कमजोर भई गुणस्तर नियन्त्रण हुन नसकेकोले अनुगमन कार्यलाई प्रभावकारी बनाउनु पर्दछ । | |
| १८. | **जटिल संरचना निर्माण०:-** सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेसिन, औजार उपकरणणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था छ । गाउँपालिकाले आर.सि.सि. फ्रेम स्ट्रक्चर सहितका भवन, पूल, पुलेसा, सडक कालोपत्रे, कल्भर्ट, सिचाई संरचना, ओभरहेड टङ्की निर्माण, ग्रामीण विद्युतीकरण, सौर्य विद्युत जडान, जस्ता जटिल संरचना निर्माण गर्नुपर्ने पूर्वाधारका संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् कार्यान्वयन गराउने गरेको देखियो । यस्ता निर्माणका कार्य व्यवसायिक र | |



Scanned with CamScanner

| क्र.सं. | भौ.नं, मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| | अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्रद्वारा छनौट गरी प्रतिस्पर्धात्मक एवं मितव्ययी हिसावले गराउनुपर्नेमा, स्रोत साधनको लगानी गर्न नसक्ने, प्राविधिक जनशक्ति, शिप नभएका, यन्त्र औजार मेसिन नभएका उपभोक्ता समितिलाई बिना प्रतिस्पर्धाबाट निर्माण कार्य दिंदा समयमा निर्माण हुन नसक्ने, गुणस्तर पूर्वाधार निर्माण नहुने जस्ता जोखिम विद्यमान देखिएकोले यस्ता पूर्वाधार विकासका कार्य व्यवसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट गराउन उपयुक्त देखिन्छ । जटिल संरचना कार्यान्वयनको आकलन बेगर बिभिन्न उपभोक्तालाई ट्रान्सफर्मर जडान, सौर्य बती जडान, तटबन्ध निर्माण, सिचाई योजना निर्माण, डीप टयुबबेल निर्माण जस्ता जटिल पूर्वाधारका निर्माण कार्यहरु उपभोक्तासँग सम्झौता गरी दिएको देखियो । यस्ता कार्यहरुका लागि उपभोक्तासँग प्राविधिक सीपयुक्त जनशक्ति नहुने लगानी गर्ने स्रोत साधनको अभाव रहने यस्ता योजना कार्यान्वयनका लागि ठूला मेसिन औजार यन्त्रको व्यवस्थापन गर्न नसक्ने कारणले उपभोक्ताबाट यस्ता संरचना निर्माण गर्न सक्ने अवस्था देखिदैन । अतः यस्ता जटिल संरचनाहरुको कार्यान्वयन नियमावलीको ब्यवस्था अनुरुप कार्य गराउनु पर्दछ । | |
| ९. | **बीमा गराउनुपर्नेः** सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ११२(१) मा दश लाख रुपैंयाभन्दा बढीको निर्माण कार्यमा निर्माण व्यवसायीले तोकिएको कुराको बीमा गराउनुपर्ने व्यवस्था रहेको छ । कार्यालयद्वारा सञ्चालित दश लाख माथिका अधिकाँश निर्माण कार्यको सम्झौतामा बीमाको व्यवस्था गरेको छैन् भने सम्झौतामा बीमाको व्यवस्था भएतापनि निर्माण व्यवसायीले बीमा गरेको प्रमाण पेश भएका छैनन् । निर्माण कार्यमा हुनसक्ने सम्भाव्य दुर्घटनाबाट हुन सक्ने क्षति न्यूनीकरणका लागि अनिवार्य रुपमा संरचनाको बीमा गरेर नियमावलीको व्यवस्था पालना गरीनुपर्दछ । | |
| १०. | **उपभोक्ताको बील भपाईः** सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ९७ को उपनियम ६ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले आफुले प्रत्येक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बील भपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समूदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ । उपभोक्तालाई रकम दिनु पूर्व कार्यालयले निर्माण कार्यको नापी गर्ने र नापीको आधारमा बील तयार गरी उपभोक्ताको योगदानको अशं कटाई भुक्तानी दिने गरेको छ । उपभोक्ताले खरीद गरेको सिमेन्ट, आइरन लगायतका सामानको बील/बीजक तथा भर्पाई राख्ने गरेतापनी Stone Masonary Wall, Gravelling जस्ता कार्यका लागि आवश्यक ढुङ्ग, ग्राबेल खरीद का रोयाल्टी बील राखे नगरेकोले उपभोक्ताबाट भएको वास्तविक खर्च एकीन गर्न सकिएन भने उक्त सामग्री खरीद बापत भुक्तानी हुने रकम समेत एकीन गर्न नसकिने हुनाले, सो सम्बन्धमा तहाँबाटै छानबीन गरी वास्तविक खरीद भएको बीलको आधारमा मात्र भुक्तानी दिई अनावश्यक भुक्तानी नियन्त्रण गर्नु पर्दछ । | |
| ११. | **जटिल संरचना निर्माणः-** सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेसिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड | |



Scanned with CamScanner

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजु रकम |
|---|---|---|
| | टङ्की, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । श्रोत साधनको लगानी गर्न नसक्ने, प्राविधिक जनशक्ति, शिप नभएका, यन्त्र औजार मेसिन नभएका उपभोक्ता समितिलाई बिना प्रतिस्पर्धाबाट निर्माण कार्य दिंदा समयमा निर्माण सम्पन्न हुन नसक्ने, गुणस्तरयुक्त पूर्वाधार निर्माण नहुने जस्ता जोखिम विद्यमान देखिएकाले यस्ता पूर्वाधार विकासका कार्य व्यवसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट गराउन उपयुक्त हुने देखिन्छ । | |
| | **सशर्त कार्यक्रम पूँजीगततर्फः** | |
| ४२. | सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १२० बमोजिम खरीद सम्झौता अवधिमा काम सम्पन्न गर्न नसकेमा सम्बन्धित आपूर्तिकर्ताले मनासिव कारण खुलाई सम्झौताको म्याद सकिनु भन्दा ७ दिन अगावै निवेदन दिनुपर्ने सो निवेदनमा सम्बन्धित अधिकारीले जाँचबुझ गरी कारण मनासिब देखिएमा ६ महिना सम्म र सो भन्दा माथिको विभागिय प्रमुखले म्याद थप गर्न सक्ने व्यवस्था उल्लेख छ । जयडा सिराडी झोलुङ्गेपुलको स्टील पार्ट तथा फेब्रिकेशन आपूर्तिका लागि साविकको जिल्ला प्राविधिक कार्यालयबाट २०७३/३/२० मा २०७५/६/२० मा काम सम्पन्न हुने गरी सम्झौता भएकोमा सो काम पालिकामा मिति २०७५/११/६ को पत्रबाट हस्तान्तरण भएको देखिन्छ । सम्बन्धित सप्लायर्सले मिति २०७५/६/१३ मा ३ महिनाको लागि, मिति २०७५/९/१३ मा ३ महिनाको लागि तथा २०७५/१२/१२ मा ३ महिनाको लागि पटक पटक म्याद थपको पत्र सम्म पेश गरेकोमा आवश्यक कार्यवाही भएको देखिएन । कार्यपालिकाले मिति २०७६/९/२० सम्म कुनै निवेदन बिना एकमुष्ठ १५ महिनाको म्याद थप गरेको छ । नियमानुसार उक्त समय अवधि थप गर्न मिल्दैन् । मनासिब कारण बिना म्याद थप गरेकोले नियमावलीको नियम १२१ बमोजिम तोकिएको म्यादभित्र ठेक्का सम्पन्न गर्न नसकेमा सम्झौता रकमको प्रति दिन ०.०५ प्रतिशतले अथवा अधिकतम सम्झौता रकमको १० प्रतिशतले नबढ्ने गरी पूर्वनिर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था अनुसार निज सप्लायर्सबाट नियमानुसार लाग्ने पूर्वनिर्धारित क्षतिपूर्ति असूल नगरी योजना सम्पन्न गरेकोले सम्बन्धित ठेकेदारसँग सो क्षतिपूर्ति असूल गर्नुपर्ने रु. | १०८४२.०३ |
| ४३. | **जिन्सी दाखिला र निकासीः** २७/०७७/३/२४, सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ४७ अनुसार मालसामान खरीद भए पश्चात कार्यालयमा जिन्सी दाखिला गर्नुपर्ने उल्लेख छ । कुनै पनि मालसामान खरीद गर्दा कार्यालयको बार्षिक खरीद योजना बनाई सोही अनुसार अत्यावश्यक भएमा मात्र खरीद गर्नुपर्नेमा पालिकाले यस बर्ष जुवा महरगाँउ काकडतोला चौडाम एक घर एक धारा खानेपानी कार्यक्रमको योजनाको रु. ६६४२४६१.३६ लागत अनुमान भएकोमा अनमोल निर्माण सेवासँग रु. ३८२०७६५.८२ मा सम्झौता भएको देखियो । स्वीकृत लागत अनुमान अनुसार ४९८० मिटर एच.डि.पि.पाइप चाहिनेमा ३५२० मिटर बढी पाइपको परीमाण राखी खरीद गरेको देखियो । सो पाइप जिन्सी खातामा अभिलेख राखी कुन योजना कति परीमाणमा खर्च भएको अभिलेख बिना खर्च गरेकोले प्रति मिटर २३९ का दरले रु. ८४१२८० | |



Scanned with CamScanner

| दफा | भौ.नं, मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| | को प्रयोग भएको प्रमाण पेश गर्नुपर्ने रु. | ८४१२८० |
| ४४. | २७/०७७/३/२४, जुवा महरगाँउ काकडतोला चौडाम एक घर एक धारा खानेपानी कार्यक्रमको योजनाको रु. ६६४२४६१.३६ लागत अनुमान भएकोमा अनमोल निर्माण सेवासँग रु. ३८२०७६५.८२ मा सम्झौता भई सोही अनुसार रकम भुक्तानी भएको छ । योजनामा चाहिने भन्दा बढी ३५२० मिटर पाइपको जडान गरेको भनि प्रति मिटर २५ का दरले रु. ८८०००। बढी भुक्तानी दिएकोले सो रकम असूल गर्नुपर्ने रु. | ८८००० |
| ४५. | सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ९७ को नियम ६ मा उपभोक्ता समिति वा लाभग्राही समूदायले हरेक किस्ताको कामको प्राविधक मुल्याङ्कन, बील भर्पाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समूदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ । कार्यालयले तयार गरेको दर विश्लेषणमा काठको परीमाण जिल्ला दररेट अनुसार प्रति घनमिटर रु. ४२५०० लाग्ने विश्लेषण गरेको छ । उपभोक्तालाई सम्झौता अनुसार रकम उपलव्ध गराउनु पूर्व कामको परीमाण र वास्तविक खरीद बीलको आधारमा रकम उपलव्ध गराउनु पर्दछ । उपभोक्ता समितिले काठको प्रयोग गरी निर्माण भएको संरचना बापत काठ खरीद नगरी सामूदायिक वनबाट पूर्जि लिई प्रयोग भएकोमा पूरै जिल्ला दर अनुसार रकम भुक्तानी लिएको देखियो । यसरी काठ सित्तैमा प्राप्त हुदाँ बनाउन लाग्ने कामदार र अन्य सामाग्रीको मात्र दर दिनुपर्नेमा पूरै रकम दिएकोले बढी भुक्तानी लिएको हुदाँ बढी रकम उपभोक्ताको अशंको अनुपातिक कट्टी गरी असूल गर्नुपर्ने रु. | ४०५८१३ |

| गो.भौ.नं.र मिति | योजनाको नाम | आइटम | लागेको परिमाण | हुनुपर्ने दर | भएको दर | बढी रकम |
|---|---|---|---|---|---|---|
| १७/०७७/३/२४ | भवानी आ.वि भवन नि. | झ्याल ढोकाको चौकोस | ०.८३ घ.मि | ३८३२५ | ८५०७४ | ३८३७७ |
| | | प्यानल सुटर | २०.५२ व.मि | ५२४५.३६ | ६९३४.१ | ३४६५३ |
| | | फ्रेम वर्क | १४६.६४ व.मि | १३५१.४४ | १६३२.६४ | ४१२३६ |
| १६/०७७/३/२४ | जवा प्रा.वि.भवन निर्माण | झ्याल ढोकाको चौकोस | ०.५४ | ३८३२५ | ८५०७४ | २५३३० |
| | | प्यानल सुटर | १३.८२ | ५२४५.३६ | ६९३४.१ | १०८४७ |
| | | फ्रेम वर्क | ५१.०५ | १३५१.४४ | १६३२.६४ | २६८३८ |
| १५/०७७/३/२४ | केदार प्रा.वि भवन निर्माण | झ्याल ढोकाको चौकोस | ०.८३ घ.मि | ३८३२५ | ८५०७४ | ३८३७७ |
| | | प्यानल सुटर | २०.५२ व.मि | ५२४५.३६ | ६९३४.१ | ३४६५३ |
| | | फ्रेम वर्क | १४६.६४ व.मि | १३५१.४४ | १६३२.६४ | ४१२३६ |
| १४/०७७/३/२४ | महादेव प्रा.वि भवन निर्माण | झ्याल ढोकाको चौकोस | ०.८३ घ.मि | ३८३२५ | ८५०७४ | ३८३७७ |



Scanned with CamScanner

| दफा | भौ.नं, मिति र ब्यहोरा | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | प्यानल सुटर | २०.५२ व.मि | ५२४५.३६ | ६९३४.1 | ३४६५३ | |
| | | | फ्रेम वर्क | १४६.६४ व.मि | १३५१.४४ | १६३२.६४ | ४१२३६ | |
| | जम्मा | | | | | | ४०५८१३ | |

१६. सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ९७ (९) (क) अनुसार उपभोक्ता समिति वा लाभग्राही समूदायबाट सञ्चालित हुने निर्माण कार्यमा लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रेडर जस्ता हेभी मेसिन ५ पूर्व स्वीकृती लिएर प्रयोग गर्न सकिने तथा उपनियम ९ (क) अनुसार मेसिन प्रयोग गरेमा सो योजना रद्द गर्ने र कार्यवाही समेत गर्न सक्ने व्यवस्था रहेको छ । देहायका निर्माण कार्य उपभोक्ता समितिले गरेकोमा कार्यालयले तयार गरेको दर विश्लेषण अनुसार ९० प्रतिशत मेसिन र १० प्रतिशत मानिसबाट काम गराउने गरी तयार गरेको देखियो । उपभोक्ताले पेश गरेको फाँटवारीसँग सम्बन्धित कार्यबील एवं बील भरपाई परीक्षण गर्दा पूरै काम मेसिनबाट गरी मेसिन मालिकबाट भर्पाई गरी रकम भुक्तानी दिएको छ । एउटै बाटोको एउटै चेनेजमा मेसिन प्रयोग गरी सकेपछि मानिसले पनि काटेको भनि बील भर्पाई पेश गरेको छ । कडा माटो, कडा चट्टान मानिसबाट गर्नको लागि उपभोक्तासँग दक्ष कामदार तथा आवश्यक पर्ने सामाग्रीहरु उपलव्ध गराउन नसकिने भएकाले सो काम सामान्यतया एउटै बाटोको एउटै चेनेज मा मेसिन र मानिसले काम गरेको भन्न नसकिने हुनाले उपभोक्ताले तोकिए बमोजिमको सबै रकम लिने अभिप्रायले मेसिनबाट भए भएको वास्तविक माटो खन्ने काम भन्दा बढीको भर्पाई गरी बील भुक्तानी लिएको छ । मेसिनबाट काम गराउदाँ ईन्धन सहित रु. ४१२५५२८.८३ मात्रमा काम सम्पन्न हुने भएको देखिदा पालिकालाई रु. ६६४१२४६.७१ थप व्यय भार पारेको देखियो ।

| गो.भौ.नं.र मिति | योजनाको नाम | निर्माण व्यवसायी | काम | कामको परिमाण | मेसिनको | रकम | जम्मा लागत अनुमान | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|---|
| ६/०७७/३/२४ | बु.न.पा.देखि पातिहाल्ला भाञ्चौर सडक उ.स | बाहुदेउ कन्स्ट्रक्सन कम्पनी प्रो.पदम ब.धामी | कडा माटो | १५२७७.७ | ५२.१५ | ७९६७३२.1 | १३३०६८७.६७ | २९६८१३७.७१ |
| | | | नरम तथा मध्यम चट्टान | २०२२.३४ | ११०.३ | २२३०६४.१ | ६०६९४५.४३ | |
| | | | कडा चट्टान | २६४२.०६ | १९१.९ | ५०७१४३.४ | ३४६३४७३.१८ | |
| | | | डिजेल ढुवानी सहित | | | ९०६०२८.९७ | ० | |
| जम्मा | | | | | | २४३२९६८.५७ | ५४०११०६.२८ | |
| १/०७७/३/१४ | जुईलिगाँउ लोतु सडक नि उ.स | सुर्मासरोवर निर्माण सेवा प्रो.शेर ब बोहरा | कडा माटो | ३४८४.४८ | ५२.१५ | १८१७१५.६ | ३०३८११.८१ | |
| | | | नरम तथा मध्यम चट्टान | २४६४.३९ | ११०.३ | २७१८२२.२ | ७४००३१.६७ | |
| | | | कडा चट्टान | ३२९५.१३ | १९१.९ | ६३२५००.२ | ४३२०६०७.४१ | |
| | | | डिजेल ढुवानी सहित | | | ६०६५०४.२६ | ० | |

| दफा | भौ.नं, मिति र ब्यहोरा | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|
| | जम्मा | १६९२५४२.२६ | ५३६५६५०.८९ | ३६७३१०९ | |
| | कुल जम्मा | ४१२५५२८.८३ | | ६६४१२४७ | |

४७. **स्काभेटर प्रयोगः** मूल्य अभिबृद्धि कर नियमावली, २०५२ को दफा १७ मा मूल्य अभिबृद्धि करमा दर्ता भएका फर्मले रीतपूर्वकको बीजक जारी गर्नुपर्ने उल्लेख छ । बील जारी नगरी रकम लिएमा भुक्तानी लिएको रकमभित्र रहेको मूल्य अभिबृद्धि कर रकम सम्बन्धित फर्मले आन्तरिक राजस्व कार्यालयमा दाखिला गर्नुपर्दछ । उपभोक्ता समितिले सडक निर्माण गर्ने सिलसिलामा प्रयोग गरेमा बिभिन्न कम्पनीको एक्साभेटरका मालिकले एक्साभेटर, डोजर, बकेट प्रयोग गरे बापत भर्पाई गरी उपभोक्तासँग रकम बुझेको देखियो । यसरी मूल्य अभिबृद्धि करमा दर्ता भएका कम्पनीले रीतपूर्वकको कर बीजक जारी नगर्दा नेपाल सरकारलाई प्राप्त हुनुपर्ने मूल्य अभिबृद्धि कर असूल नभएको देखियो । त्यस्ता मेसिनको भाडामा भाडा कर १० प्रतिशत कट्टि गर्ने गरेको छ । उपभोक्ताले मेसिनमा प्रयोग हुने तेल छुट्टै बीलबाट खरीद गरी डोजरमा प्रयोग गरेको अवस्थामा नेपाल सरकारलाई प्राप्त हुनुपर्ने मूल्य अभिबृद्धि कर छुट भएको हुदाँ सम्बन्धित निर्माण व्यवसायी मार्फत् छुट भएको मूल्य अभिबृद्धी कर ऐन, २०५२ अनुसार लाग्ने जरीबाना तथा आय कर ऐन, २०५८ अनुसारको अग्रिम कर समेत रु. ८७५०९०। असूल गरी सङ्घीय राजस्व खातामा दाखिला गर्नुपर्ने रु. ८७५०९०

| निर्माण व्यवसायी | बुझेको रकम | मूल्य अभिबृद्धि कर | अग्रिम कर | जम्मा रकम |
|---|---|---|---|---|
| बाहुदेउ कन्स्ट्रक्सन कम्पनी प्रो.पदम ब.धामी | ३१५६५२१ | ३६२१४० | ४१९०० | ४०४०४० |
| सुर्मासरोवर निर्माण सेवा प्रो.शेर ब. बोहरा | ३६७०९४३.६१ | ४२२३२१ | ४८७२९ | ४७१०५० |
| | | | जम्मा | ८७५०९० |

४८. **अनुपातिक कट्टिः** सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ९७ को उपनियम ४ बमोजिम उपभोक्ता समिति वा लाभग्राही समूहद्वारा गराइने निर्माण कार्य लागत अनुमानमा रहेको मूल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी गर्नुपर्ने। लागत अनुमानको आधारमा निर्माण सम्पन्न गरेपछि वास्तविक लागतको आधारमा सम्झौता बमोजिम कूल खर्च रकम कार्यालय र उपभोक्ताले व्यहोर्नु पर्दछ । पालिकाले देहायका उपभोक्ता समितिसँग भएको निर्माणको कार्यमा लागत अनुमान अनुसार निर्धारित प्रतिशत उपभोक्ता समितिले व्यहोर्ने गरी सम्झौता भएको छ । समितिले पेश गरेको कार्य सम्पन्न प्रतिवेदनमा सम्झौता अनुसारको उपभोक्ताको अशं कट्टा गरी भुक्तानी गर्नुपर्नेमा कम कट्टा गरी भुक्तानी गरेकोले बढी भुक्तानी रु. ११०१४१.४१ गरेको सम्बन्धित उपभोक्ता समितिबाट असूल गरी दाखिला गर्नुपर्ने रु. ११०१४१.४१

| गो.भौ.नं.र मिति | उपभोक्ता समितिको नाम | लागत अनुमान | कार्य सम्पन्न | लागत अनुमान अनुसार उ.स.को अशं | कट्टा गरेको रकम | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| ३/०७७/२/१९ | बज्वा सिचाई कुलो नि उ.स. | १३७०१०९ | १३६८५१२.०१ | २७३७०२.४ | २३०१०९.५७ | ४३५९३ |
| ४/०७७/३/ | पनेरामुनी | १५०५५३९. | १४६८४७२ | ३२१५९५.४१ | २७०५३९.४९ | ५१०५५.९३ |



Scanned with CamScanner

| भौ.नं, मिति र ब्यहोरा | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| ०२३ | सिचाई कुलो नि उ.स. | ४८ | .२२ | | | | |
| ७/०७७/३/२४ | स्वास्थ्य ईकाइ बर्थिङ सेन्टर घेरवार उ.स. | १०८५२६९.१० | १०५९४६३.१६ | १५०७६१.६१ | १३५२६९.१३ | १५४९२.४८ | |
| जम्मा | | | | | | ११०१४१.४१ | |

१९. **शिक्षक दरबन्दी र पदपूर्तिः-** स्थानीय तह अन्तर्गत रहेका सामूदायिक विद्यालयहरुमा दरवन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत बिभिन्न तहका ५१ सामूदायिक विद्यालयहरुको कूल शिक्षक दरवन्दी तथा पदपूर्तिको विवरण प्राप्त भएन ।

**समानीकरण पूँजिगततर्फः**

२०. **समानीकरण/वित्तीय हस्तान्तरण पूँजीगतः**

**टुक्रा पारी खरीदः** सार्वजनिक खरीद ऐन, २०६३ को दफा ८ (२) मा खरीद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरीद गर्न नहुने व्यवस्था छ । ऐनको व्यवस्था विपरीत पालिकाले वर्षान्तमा कार्यालय परीसरमा निर्माण गर्ने एउटै प्रकृतिका कार्य समय अभाव देखाई कार्यपालिकाको निर्णयका आधारमा छुट्टाछुट्टै बजेट व्यवस्था गरी निर्माण व्यवसायीसँग सम्झौता गरेर रु. १९६०६६८ को निर्माण कार्य कार्यान्वयन भएको छ । निर्माण कार्य गराउँदा प्रतिस्पर्धाका अधारमा गराउनु पर्दछ ।

| भौ.नं.र मिति | कार्यालय परीसरमा गरेका निर्माण कार्य | ामानतबाट काम गर्ने | भुक्तानी रकम |
|---|---|---|---|
| २-०७६।७।२१ | ग्राउण्ड कटिङ्ग कार्य | उत्तम बहादुर भण्डारी | १५०००० |
| २०४-०७७।३।३१ | प्रिफ्याव भवन निर्माण | कल्पना निर्माण सेवा | ४९९३६३ |
| २०३-०७७।३।३१ | गेट, वाल, ग्यारेज निर्माण | रावल निर्माण सेवा | ३४७३९२ |
| २०२-०७७।३।३१ | फेन्सिङ्ग घेरावार निर्माण | विजय कन्स्ट्रक्सन प्रा.लि. | ३९६७७६ |
| २०१-०७७।३।३१ | गेट निर्माण | अनमोल निर्माण सेवा | ६८७६१ |
| २१४-०७७।३।३१ | कार्यालय परीसरमा पीसीसी कार्य | मञ्जु निर्माण सेवा | ४९८३७६ |
| जम्मा | | | १९६०६६८ |

२१. २१०-०७७।३।२४, नमादेउ आधारभूत विद्यायको भवन निर्माण कार्यको उपभोक्ता समितिको अन्तिम रनिङ्ग बीलबाट समितिलाई रु. ९९४७९३ भुक्तानी गर्दा प्राविधिक मापन मूल्याङ्कन अनुसार डण्डी १०, १२ ::साइजको उपयोग गरेको परीमाण १५८७.३४ केजी ९४.९२ ले रु. १५०६७४ स्वीकृत भएको देखियो । उपभोक्ता समितिले खरीद गरेको डण्डीको कर बीजक अनुसार १३६८



Scanned with CamScanner

| क्र.सं | भौ.नं, मिति र ब्यहोरा | बेरुजु रकम |
|---|---|---|
| | केजी मात्र खरीद देखिएकोले बील बेगर मापन भएको २१९.३४ केजीको प्रति केजी ९४.९२ दरले बढी भुक्तानी भएको रु. २०८२० फिर्ता हुनु पर्दछ । | २०८२० |
| २. | ६-०७७।१।८, ढोडेखेत गण्डकी बजार सडक मर्मत उपभोक्ता समितिलाई ल.ई. रु. ४९४९०४१.३८ स्वीकृत गरी पालिकाबाट रु. ४५ लाख, उपभोक्ताबाट रु. ४४९०४१.३८ व्यहोर्ने गरी सम्झौता भएकोमा पहिरो पन्छाएको र सडक कटिङ्गको २ प्याकेजको अन्तिम बीलबाट रु. ४९४९०४१.३८ कै कार्य सम्पन्न पेश भई रु. ४४९९१७५.०१ भुक्तानी भएको छ । प्राविधिकबाट मापन भएको नापी किताब तथा बीलमा पुरानो ट्र्याकमा पहिरो पन्छाएको (३३००X३X०.५) ४९५० घ.मी. को @७० का दरले भुक्तानी गरेकोमा उक्त कार्यको Chanage तथा ड्रइङ्ग बेगर रु. ३४६५०० भुक्तानी भएको छ । मूल्याङ्कन अनुसार ट्र्याक खोल्ने कार्य Chanage 4+400 देखि 4+770 सम्म ३७० मीटर लम्बाई मापन भएको तर पहिरो पन्छाएको एकीन मापन भै नापी किताबमा चढी नआएकोले सो कार्यको प्राविधिक पुष्टयाई सहितको प्रमाण पेश हुनु पर्दछ । | |
| ३. | १०-०७७।१।२६, देउरा रातापानी सडक खण्डमा सडक सरसफाईको कार्य अमानतवाट निर्माण व्यवसायी विजय कन्स्ट्रक्सन (६१४०४३१२६) लाई १०४ घण्टा प्रति घण्टा ४५०० दरले जेसीबी चलाई सफाई गरेको भनी ठेकेदारले बील बीजक बेगर प्राविधिक मूल्याङ्कन नगरी निवेदनमा तोक आदेशका आधारमा खर्च लेखेको रु. ४६८००० अनियमित देखिएको रु.. | ४६८००० |
| ४. | १४-०७७।१।२६, बागथला भामचौर सडक खण्डमा पहिरो सफाई कार्य गरेको भनी २२ घण्टा प्रति घण्टा ४५०० को दरमा जे.सी.बी. चलाएको रु. ९९००० तथा देउरा केदार सडक खण्डको खानी डाँडा ड्राफू सडकमा १८ घण्टा प्रति घण्टा रु. ४५०० का दरमा रु. ८१००० गरी रु. १८०००० सडक सफाई कार्य गरेको भनी डोजर धनी प्रेम बहादुर मल्ललाई भुक्तानी दिएकोमा उक्त दुबै सडकको Chanage Wise पहिरो सफा गरेको परीमाण समेतको प्राविधिक मूल्याङ्कन, नापी किताब तथा बील बेगर भुक्तानी दिएको रकम अनियमित देखिएको रु. | १८०००० |
| ५. | १८-०७७।१।२६, नामादेउ धार्मिक वन घेरावार तथा बाटो निर्माण कार्यको अन्तिम बील बापत उपभोक्ता समितिलाई रु. ११५६२८८.४३ भुक्तानी भएकोमा सम्झौतामा उल्लेख नगरेको, BOQ मा समावेश नभएका Tap, HDP Pipe र Flate Stone Soling को विस्तृत मापन नै नगरी लमसममा थप कार्य गराई रु. १५०००० भुक्तानी भएको देखियो । अतः उपभोक्ता समितिलाई सम्झौतामा व्यवस्था भए बेगर नयाँ आइटम थप गरी भेरीएशन दिन मिल्ने कानूनी व्यवस्था बेगर भुक्तानी भएको रु. | १५०००० |
| ६. | ३३-०७७।२।५, बुङ्गल नगरपालिका देखि भामचौर शाखा सडकको ल.ई.रु. ५१९७४९९.३० स्वीकृत भई गाउँपालिका अनुदान रु. ४५ लाख तथा उपभोक्ताको अंश रु. ४४८१३३.१० रहने गरी सम्झौता भएकोमा सार्वजनिक खरीद नियमावली, २०६४ को नियम .. अनुसार ५० लाख भन्दा बढीको सम्झौतामा आय कर ऐन, २०५८ को दफा ८८ अनुसार १.५ प्रतिशतको दरले | |



Scanned with CamScanner

| क्र.सं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजु रकम |
|---|---|---|
| | कट्टी गरेर भुक्तानी दिनुपर्नेमा भुक्तानी भएको रु. ४४६००७३.१२ को अग्रिम कर रु. ६६९०१ कट्टी नगरी भुक्तानी भएकोले उक्त अग्रिम आयकर असूल गर्नुपर्ने रु. | ६६९०१ |
| ७. | **३३-०७७।२।५,** उपभोक्ता समितिसँग गरेको सम्झौतामा उल्लेख भए बमोजिमको बाहेकको कार्यको भुक्तानी दिन सक्ने व्यवस्था सार्वजनिक खरीद नियमावली, २०६४ को भेरीएशन स्वीकृत सम्बन्धी प्रावधानमा नरहेकोले पालिकाले बुङ्गल नगरपालिका भामचौर सडक निमार्ण उपभोक्ता समितिलाई Hard Rock cutting को सम्झौता भन्दा ४३४.३८ घ.मी. @ १३१३.३२ का दरले रु. ५७०४७९.९४ बढी प्राविधिक मापन मूल्याङ्कन गरी भुक्तानी दिएको देखियो । BOQ को स्वीकृत आइटमको १३३.५८ प्रतिशत बढी मापन भएको उक्त भेरीएशन बापतको रकम उपभोक्ता समितिलाई भुक्तानी दिन नमिल्ने देखिएको रु. | ५७०४८० |
| ८. | **३८-०७७।२।८,** गण्डकी गाढखोला जलविद्युत आयोज़नाको लाइन विस्तार कार्यको लागि सिनर्जी टेक्नीकल जेभी.सँग ल.ई. रु. ३२७३६१० स्वीकृत भई सोही रकम बरावर सम्झौता भएको छ । उक्त फर्मले पेश गरेको बील अनुसार १९० पिस पोल उपलब्ध गराई रु. २४०१२५० को बीजक पेश गरेकोमा ७ MM को १५० PC को बील पेश गरेकोमा ९० पीस मात्र पोल आपूर्ति भएको देखियो । अतः बील भन्दा कम सामान आपूर्ति गरेर ६० PC पोलको प्रति पीस रु. ११५०० का दरले रु. ६९०००० तथा ढुवानी प्रति पोल (४६.५० केजी प्रति पोल दरले ९० पीसको) १४३० दरले रु. १२८७०० समेत रु. ८१८७०० असूल हुनु पर्दछ । | ८१८७०० |
| ९. | **३६-०७७।३।२४,** सुल्जन प्रा.बि.गुरेना भवन निर्माण कार्यको ल.ई. रु. २३४०९७४.५९ स्वीकृत भई निर्माण कार्यको अन्तिम बील मापन मूल्याङ्कन भई रु. २३३४७०२.१२ को बील भुक्तानी भएको छ । प्राविधिक बीलमा मूल्याङ्कन भएको निम्नानुसारका Non Local Materials को उपभोक्ताले पेश गरेका सामाग्री खरीद घटी परीमाणमा देखिएकोले सामान खरीदै नगरी अधिक निर्माण कार्यको मापन मूल्याङ्कन गरिएको सामानको भुक्तानी सम्बन्धित प्राविधिकलाई जिम्मेवार एवं जवाफदेही बनाई असूल हुनुपर्ने रु. | ३०८४८७ |

| सामानको नाम | मापन भएको परीमाण | बील बमोजिम खरीद परीमाण | बढी भुक्तानी भएको परीमाण | दर | जम्मा |
|---|---|---|---|---|---|
| डण्डी | ३२५९ केजी | १६५० केजी | १६०९ केजी | १०२.१६ | १६४३७५ |
| सिमेन्ट | ३४७ बोरा | १९७ बोरा | १५० बोरा | ८६२.१० | १२९३१५ |
| ढुवानी सिमेन्ट | १५० बोरा | - | १५० बोरा | ६.४० | ९६० |
| ढुवानी डण्डी | १६०९ केजी | - | १६०९ केजी | ८.६० | १३८३७ |
| जम्मा | | | | | ३०८४८७ |

| क्र.सं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजु रकम |
|---|---|---|
| १०. | **३९-०७७।३।२४,** भवानी मा.बि.केदारस्यूँ ५ लाई प्राविधिक धारका विद्यालयको भौतिक पूर्वाधार कार्यक्रमतर्फ कम्प्युटर प्रयोगशाला निर्माणका लागि रु. ६५०००० निकासा भएकोमा उक्त विद्यालयले प्रयोगशालाको पूर्वाधार विकास तथा कम्प्युटर लगायतका आई.टी. सामान खरीद तथा जडान सम्पन्न गरी सो को प्राविधिक बील समेतको प्रमाण संलग्न नगरी रकम खर्च लेखेकोमा | |



Scanned with CamScanner

| क्र.सं. | भौ.नं., मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| | निर्माण सम्पन्न प्रयोगशालाको बील बीजक एवं कार्य सम्पन्न प्रमाण पेश हुनु पदर्छ । | ६५०००० |
| १. | ६४-०७७।३।२६, डाडा खोले आम झोता खानेपानी योजना निर्माण उपभोक्ता समितिलाई रनिङ्ग बीलको भुक्तानी गर्दा प्राविधिक बीलमा Cost Of Gabien को BOQ अनुसार २X1X1 को जाली (१४ पीस प्रति पीसको) ३४१२.५९ M² ले हुन आउने रु. ४७७७६.२६ मूल्याङ्कन हुनुपर्नेमा बीलमा परीमाण ० राखी रु. १३८२१७.११ मूल्याङ्कन गराई भुक्तानी भएको देखियो । अतः मापन मूल्याङ्कनमा जोडजम्मा फरक परी बढी भुक्तानी गएको रु. | ९०४४.८५ |
| २. | १३६-०७७।३।२४, सैन्यसू बाँझ सडक निर्माण कार्यको ल.ई. रु. २२७२३८४ स्वीकृत भई पालिकाको अनुदान रु. २० लाख तथा उपभोक्ता समितिको श्रमदान रु. २७२३८४ व्यहोर्ने गरी सम्झौता भएकोमा रु. १९९८६०० भुक्तानी भएको छ । Chanage १+५२० देखि १+९७० सम्म ४५० मीटर एक्जाभेटरले माटो कटिङ्ग गरेको बुङ्गल नगरपालिका बस्ने दमन कुँवरलाई रु. ११९९३२८ भाडा बापतको भुक्तानी भएकोमा आयकर ऐन, २०५८ दफा ८९ अनुसार बहाल कर १० प्रतिशतले हुने रु. ११९९३३ कर कट्टी गर्नुपर्नेमा रु. १००६१ मात्र कट्टी गरेको देखिएकोले नपुग रकम रु. १०९८७२ असूल हुनुपर्ने रु. | १०९८७२ |
| ३. | १५७-०७७।३।२४, लोनु तथा अन्य वस्तीहरुमा खानेपानी योजना निर्माण कार्यको लागि ल.ई. रु. ६८४६४८ स्वीकृत भई पालिकाबाट रु. ६ लाख तथा उपभोक्ताको अंश रु. ८४६४८ व्यहोर्ने गरी सम्झौता भएकोमा अन्तिम रनिङ्ग बीलबाट रु. ६७७०२९ को प्राविधिक मूल्यीङ्कन भई रु. ५९२३८१ भुक्तानी भएको छ । उक्त बील भुक्तानी गर्दा सम्झौतामा उल्लेख BOQ Item भन्दा फरक नयाँ कार्यहरु थप गरी उपभोक्ता समितिलाई भुक्तानी दिएको देखियो । उपभोक्ता समितिसँग सम्झौतामा उल्लेख भए भन्दा नयाँ कामको भेरीएशन दिन सार्वजनिक खरीद नियमावली, २०६४ को व्यवस्था नरहेको हुँदा निम्नानुसार सम्झौता भन्दा फरक काम गरी थप भुक्तानी दिएको रकम रु. २७९३४१ अनियमित देखिएको रु. | २७९३४१ |

| | नयाँ थप कामको विवरण | परीमाण | दर | भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | Cost Of Tap | २२ | LS | २४५४४५ |
| २ | HDP Pipe 16 mm dia/10 kg. | ५०० मी. | ३१.६४ | १५८२० |
| ३ | HDP Pipe 25 mm dia/10 kg. | १५० मी. | ५९.८९ | ८९८३ |
| ४ | GI Pipe 20 mm medium | ४२ मी. | २१६.५१ | ९०९३ |
| | जम्मा | | | २७९३४१ |

| | | |
|---|---|---|
| ४. | परामर्श सेवा भुक्तानीः सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्यमा आवश्यक्ता अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्राविधिक र आर्थिक प्रस्ताव छुट्टाछुट्टै माग गरी, सो को मूल्याङ्कनबाट छनोट भएका परामर्शदाताबाट घटी आर्थिक प्रस्ताव पेश गर्ने फर्मबाट प्रतिस्पर्धाको माध्यमले खरीद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले उपरोक्त विधिबाट छनोट नगरी सडक, ग्रामीण विद्युतीकरण, सिचाई लगायतका ८ योजनाहरुको परामर्श कार्यको खरीद गरी रु. | |



Scanned with CamScanner

| भौ.नं., मिति र ब्यहोरा | बेरुजु रकम |
|---|---|

५४८७७६२.८६ खर्च लेखेको छ । एकै दिनमा टुक्रा पारी ५ लाखको सिमाभित्र कामका प्याकेज बनाई हाते कोटेशन लिएर खरीद कार्य गरेको, एउटै कार्यको लागत अनुमान अनुकूल हुने गरी टुक्रयाएको कारण प्रतिस्पर्धात्मक खरीद कार्यको नियोजन गरेको देखियो । पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्घकालीन पुजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत एकीन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि मात्र परामर्श सेवा खरीद गनुपर्नेमा सो गरेको देखिएन ।

| भौ.नं.र मिति | परामर्श दाताको नाम | कार्यको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| १३९-०७७।३।२४ | आभास ई.क. | कालङ्गा नदीको IEE | ४९७३७५.१५ |
| १३५-०७७।३।२४ | मष्टा ई.क. | सेती नदीको IEE | ४९७१४९.१५ |
| १३५-०७७।३।२४ | इम्बार्क डिजाइन एण्ड डेभलपर्स | ठूलीबान डाफ्रु भाडीकोट सिचाई नहर DPR | ४९६०७० |
| १०९-०७७।३।१२ | डि.वि.कन्सलेटर प्रा.लि. | जुव खा.पा.डिपीआर | ४९८३०९.७७ |
| १०९-०७७।३।१२ | अलस्टार ई.क. | देउरा यौड जुवु डाफु पर्यटकीय सडक डीपीआर | ९८८७५० |
| ९१-०७७।३।१५ | सामाजिक तथा प्राविधिक विकास सेवा समूह | सिराडी झो.पु.को परामर्श | ४४७१८.७९ |
| ९८-०७७।३।११ | अल स्टार इन्जिनियरिङ्ग क. | केदार पर्यटकीय सडकको डीपीआर | ९८८७५० |
| १८३-०७७।३।३० | आश्रम डेभलपर्स प्रा.लि. | ग्रामीण विद्युतीकरण डीपीआर | १४७६६४० |
| जम्मा | | | ५४८७७६२.८६ |

१४२-०७७।३।२४, खिकरी सिचाई कूलो निर्माण उपभोक्ता समितिलाई संम्झौता अनुसार रु. ३९७७९७ भुक्तानी भएकोमा पाइप HDP 73mm/7kg. को ५०० मीटर तथा सिमेन्ट ५९ बोरा स्थानीय बजारबाट खरीद गरी प्रयोग भएको समितिले भुक्तानीका लागि पेश भएका बीलबाट देखियो। तर प्राविधिक मूल्याङ्कन अनुसार उक्त सामान धनगढी देखि साइटसम्म २६० Km. ढुवानीको रेट राखी बील भुक्तानी भएको देखिएकोले स्थानीय बजारबाट खरीद गरेका Non Local Material को धनगढी देखिको यातायात खर्च असूल गर्नुपर्ने रु.

| | सामान | ढुवानी दुरी | परीमाण | दर | भुक्तानी रकम रु. |
|---|---|---|---|---|---|
| १ | सिमेन्ट | धनगढी देखि बागथाला २६० किमी. | २९५० केजी | ६.५० | १९१७५ |
| २ | HDP Pipe 73 mm/7kg. | धनगढी देखि बागथाला २६० किमी. | ४२५ केजी | १३.६५ | ५८०१ |
| | जम्मा | | | | २४९७६ |

बेरुजु रकम: २४९७६

१८२-०७७।३।२४, भूमी साउदेवली सामूदायिक वन उपभोक्ता समितिलाई वृक्षारोपण कार्यको लागि सम्झौता अनुसार रु. १९९५३६ भुक्तानी गरेकोमा उक्त कार्यमा आवश्यक विरुवा तथा प्राविधिक सहयोग जिल्ला वन कार्यालयबाट व्यहोरेको उल्लेख छ । विरुवा रोपण कार्यमा के कति विरुवा जिल्ला वन कार्यालयबाट उपलब्ध भएको, कति क्षेत्रफलमा के कति विरुवा रोपण भएको



Scanned with CamScanner

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजु रकम |
| --- | --- | --- |
| | हो सो को प्राविधिक मापन मूल्याङ्कन भई उपभोक्ताको बील तथा कार्य सम्पन्न प्रतिवेदनका आधारमा भुक्तानी हुनुपर्नेमा उक्त प्रमाण बेगर खर्च लेखेको अनियमित देखिएको रु. | ११९५३६ |
| ७. | **२००-०७७।३।३१,** भवानी मा.बि.बाँझाको भवन निर्माण कार्यको ल.ई. रु.१४९५७५४.९३ स्वीकृत भई कार्यान्वयनमा आएकोमा अन्तिम रनिङ्ग बीलबाट रु.१४९०९५७.९९ मूल्याङ्कन भई रु.१२१५२०२ भुक्तानी भएको छ । सम्झौता अनुसार उपभोक्ता समितिले डण्डीको १०, १६, २० साइजको परीमाण १३९९ के.जी. रहेकोमा प्राविधिक मूल्याङ्कन सोही अंनुसार भएको तर उपभोक्ताले Non Local Materials डण्डी ११९५ के.जी. मात्र खरीद गरेको बील बीजक पेश गरेकोले बील बेगर बढी मापन मूल्याङ्कन भई भुक्तानी गएको २०४ के.जी.को @ ९०.४० ले १८४४१.६ Wood D/W Farma १.१५ @ ८५०७५.३५ ले रु.९७८३७ Wood For Shutter १४.३५ @ ६९३४.१० ले रु.९९५०४.३४ तथा सीमेन्टको प्रति के.जी.दर फरक पारी L.S मा रु.२२९३६ समेत गरी रु.२३८७१८.९३ बढी भुक्तानी भएको देखिएकोले उपभोक्ताको बीलबाट उक्त रकम घटाई भुक्तानी हुनुपर्नेमा बढी भुक्तानी गएको देखियो । सो रकम असूल हुनु पर्दछ । | २३८७१८.९३ |
| ८. | **परामर्श सेवाः-** सार्वजनिक खरीद नियमावली, नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरीद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले देहाय अनुसारका परामर्श सेवाको खरीदमा गर्दा प्रतिस्पर्धा नगराई सोझै खरीद गरी रु. ५४८७७६२८६. खर्च लेखेका छन् । पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्धकालीन पूँजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत एकीन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिस्पर्धाको माध्यमले परामर्श सेवा खरीद गनुपर्नेमा सो गरेको देखिएन । परामर्श सेवा लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरीद गर्नु पर्दछ । | |
| ९. | **कन्टिन्जेन्सी खर्चको अभिलेख :** सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णय अनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने व्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ५ प्रतिशतका दरले बीलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७६/०७७ मा कन्टीन्जेन्सी बापत रु.६१ लाख ५० हजार कट्टी गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन्। कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेखका अधारमा यस्ता खर्च नियन्त्रण हुनु पर्दछ । | |
| १०. | **कार्य सम्पन्न प्रतिवेदनः-** सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन | |



Scanned with CamScanner

| भौ.नं, मिति र ब्यहोरा | बेरुजु रकम |
|---|---|
| तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकर्त ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था दिखएन । | |
| **सार्वजनिक परीक्षणः-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो बनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारर्दशिताको प्रवर्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ । | |
| **डीपीआर खर्चः–** बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरु योजना डी.पी.आर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ । | |

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|
| कालगगा नदि आ ई ई | आवास इन्जिनियरिङ | ४९७३७५.१५ | ४९७०००.१५ | |
| सेती नदी | मष्टा इन्जिनियरीङ कन्सलटेनसी | ४९७१४९ | ४९७१०० | |
| ठुलिवान सिंचाई कूलो | इम्वार्क डिजाइनर | ४९६०७० | ४९५५०० | |
| जुव खानेपानी | डि वि कन्सलटेन्सी काठमाडौ | ४९८३०९.७७ | ४९८१०० | |
| देउर चौडाम जुव केदार पर्यटकिय सडक | अला स्टार इन्जिनियरीङ कन्सलटेन्सी | ९८८७५० | ९८८६५० | |
| देउर चौडाम जुव केदार पर्यटकिय दोस्रो खण्ड | अला स्टार इन्जिनियरीङ कन्सलटेन्सी | ८८७०५० | ८८७००० | |
| गाउपलिकाको सवै वडामा विधुतिकरण | आश्रय डेभलपर्स प्रा लि | १४९४४८१.५० | १४९४२०० | |
| जम्माः | | ५३५९१८५.४२ | ५३५७५५०.१५ | |

| | |
|---|---|
| यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाउँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा गाउँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन । | |
| **सफ्टवेयर खरिदः-** नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विधुतीय माध्यमबाट सञ्चालन | |



Scanned with CamScanner

| क्र.सं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजु रकम |
|---|---|---|
| | गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यवस्था रहेको छ । स्थानीय तहले विद्युतिय सिफारिसि दर्ता चलानी सफ्टवेयर खरीद गरी रु.४५००००। खर्च गरेकोमा खरीद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ । | |
| ४. | **बरबुझारथ :** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस गाउँपालिका तथा गाउँपालिका मा समाहित भएका साविकका गाउँ विकास समिति तथा गाउँपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाउँपालिकामा समाहित भएका साविकका विषयगत कार्यालयको बेरुजु लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकीन गरी अद्यावधिक नगरेकोले गाउँपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । | |
| ५. | **वडा कार्यालयबाट भएको खर्चः** गाउँपालिकाले वडा कार्यालयलाई बजेट छुट्याएर भुक्तानी दिएको छ। वडा कार्यालयसँग सम्बन्धित खर्चहरु पालिकाबाट भुक्तानी भइरहेको अवस्थामा वडा कार्यालयबाट थप बैठक भत्ता, जिन्सी सामान खरीद, अनुगमन, भ्रमण लगायतका कार्यमा खर्च भएका छन् । यसरी वडागत रुपमा खर्च गर्दा जिन्सी विवरण अद्यावधिक नभएको, वडा कार्यालयको खर्चमा एकरुपता नदेखिएको तथा गाउँपालिका र वडा कार्यालयबाट एउटै काममा दोहोरो खर्च हुन सक्ने जोखिम समेत देखिएकाले दुई निकायबाट खर्च गर्ने परीपाटी नियन्त्रण गरी खर्चमा एकद्वार पद्धति कायम गर्न ध्यान दिनुपर्दछ । | |
| | **समानीकरण चालुतर्फः** | |
| ६. | **दोहोरो भुक्तानीः** निशा धामीले गो. भौ. ८६।२०७६।९।२३ बाट भ्रमण आदेशमा उल्लेखित भ्रमण खर्च लिइसकेपछि पुनः सोही समयको भ्रमण खर्च गाडी भाडा बापत रु. २२००० लिएको देखिन्छ। यसरी एकै समयमा दोहोरो परी लिएको गाडी भाडा बापतको रकममा भाडा कर कट्टी पछिको रकम रु. १९८०० असुल दाखिला हुनुपर्ने रु. | पेश्की २५<br>१९८०० |
| ७. | **वैदेशिक भ्रमणः-** दैनिक भ्रमण भत्ता नियमावली, २०६४ को नियम ३(५) अनुसार अन्यत्र जुनसुकै कुरा लेखिएको भए पनि पदाधिकारी वा कर्मचारीले विदेश भ्रमण गर्नुपर्दा नेपाल सरकार मन्त्रिपरिषदले निर्णय गर्नुपर्दछ । यस पालिकाका देहाएका पदाधिकारीको बैदेशिक भ्रमणमा खर्च भएको रकम रु. १५०००० देखिन्छ । | |

| सि.नं. | बैदेशिक भ्रमणमा जानेको पद र नाम | भ्रमण गरेको देश | भुक्तानी रकम रु. |
|---|---|---|---|
| १ | गाउँपालिका अध्यक्ष श्री इन्द्र बहादुर भण्डारी | थाइलैण्ड | १५०००० |



Scanned with CamScanner

| क्र.सं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजु रकम |
|---|---|---|

| | | |
|---|---|---|
| जम्मा | १५०००० | |

**अग्रिम कर कट्टी :** कार्यालयले गो.भौ. १५०-२०७७।२।२५ बाट मुकेशराज जोशीलाई एकमुष्ठ रुपमा रु. ४०००० भुक्तानी भएको छ । उक्त भुक्तानीमा आयकर बमोजिम १५ कर रु. ६००० कर कट्टी गरि दाखिला हुनुपर्ने देखिएको रु. — ६०००

**सङ्घीय सरकारबाट हस्तान्तरित कार्यक्रम चालु:**

निकासाः कार्यक्रम कार्यान्वयन पुस्तिका आ.व. २०७६।०७७ को ६.७ नं. बमोजिम सामूदायिक सिकाई केन्द्रको सञ्चालन अनुदान भनी सामूदायिक परिचालकलाई रु.६२०० का दरले १२ महिनाको मात्र पारिश्रमिक दिने व्यवस्था छ । तर पालिकाले निम्न बमोजिमको सामूदायिक सिकाई केन्द्रहरुका लागि प्रशासनिक खर्च समेत निकासा भएको देखिएकोले यस्ता खर्च निकासा नियन्त्रण गर्नु पर्दछ ।

| सामूदायिका सिकाई केन्द्रको नाम | प्रशासनिक खर्च रु. |
|---|---|
| सृष्टि सामूदायिक केन्द्र देउरा | १२७००० |
| चन्द्रोदय मा.वि. भाडसैन | ११०००० |
| सुनी मष्टा सामूदायिक केन्द्र झोता | १२५५०० |
| जम्मा | ३६२५०० |

८०. **भ्रमण अभिलेख एवं प्रतिवेदनः** भ्रमण खर्च नियमावली, २०६४ अनुसार आफू कार्यरत क्षेत्रभित्र भ्रमण गर्दा दैनिक भ्रमण भत्ता नपाउने तथा एकै दिन गएर फर्किन सक्ने ठाउमा खाजा खर्च बापत दैनिक भ्रमण भत्ताको २५ प्रतिशत रकम दिन सकिने उल्लेख छ । नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित पालिकाले अनुसूची–६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने उल्लेख छ । पालिकाका बिभिन्न कर्मचारीले विभिन्न स्थानमा भ्रमण गरेको भ्रमण आदेश र भ्रमण बील अनुसार बजेट खर्च लेखेकोमा भ्रमण अभिलेख व्यवस्थित राखेको छैन् । एउटै गोश्वारा भौचरबाट अनुगमन तथा मुल्याङ्कन, सरुवा तथा भ्रमण भत्ता एकमुष्ट भ्रमण/अनुगमन प्रतिवेदन वेगर तेरीज तयार नगरी खर्च लेखेको, एकै दिन गएर फर्कन सक्ने स्थान समेतको दैनिक भ्रमण भत्ता रु.११८७५० भुक्तानी गरेको नियमित देखिएन । नियमावलीमा उल्लेख भए बमोजिम भ्रमण अभिलेख तथा भ्रमण प्रतिवेदन राखेर मात्र भ्रमण खर्च लेख्ने र एकैदिन जान आउन सकिने स्थानमा वास बस्ने गरी काज खटाउने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

८१. **अग्रिम आयकरः** आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका भुक्तानीमा नियमानुसार लाग्ने अग्रिम कर कट्टी गरेको नदेखिएकाले उक्त रकम कट्टा गरी दाखिला गर्नुपर्ने रु. — ६६२६

| गो.भौ.नं. र मिति | विवरण | भुक्तानी रकम | करको दर | कर रकम |
|---|---|---|---|---|
| ९४।०७७।३।२४ | उग्रतारा टेक्निकल गुड्स | ४४१७३३.३३ | १.५ | ६६२६ |

८२. **कर्मचारी प्रोत्साहन भत्ताः-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६ (१) बमोजिम



Scanned with CamScanner

| ...ं | भौ.नं., मिति र ब्यहोरा | बेरुजु रकम |
|---|---|---|
| | स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड सङ्घीय कानून बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्वन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानून बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई मात्र खाजा र खाना वापतको रकम भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । स्थानीय तहले कानून नबनाई यो बर्ष रु. ४८७३५७ प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्यय भार बढ्न गएको छ । | |
| ...३. | **खाजा खर्चः** ७०-२०७७।३।२३, नाइट डियुटी गरेकोमा खाजा खर्च बापत रायल प्राथमिक स्वास्थ्य केन्द्रका १३ जना कर्मचारीहरुलाई रु.३६४६९४ र गो.भौ.नं.५९, ०७७।१।२८ बाट रु.१२७३५० गरी जम्मा रु.४९२०४४ खर्च लेखेको छ । यसरी खर्च लेख्दा अतिरिक्त समय कामकाज गरेको डिजिटल हाजिरी प्रमाणित गरेर मात्र यस्तो भत्ता खर्च लेख्नु पर्दछ । | |
| ...४. | **कर्मचारी तलबी प्रतिवेदनः** निजामती सेवा ऐन, २०४९ को दफा ७ ख २ बमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्नेमा पालिकाले स्वास्थ्य, कृषि, पशुपन्छी, महिला विकासतर्फका कर्मचारीहरुको तलबी प्रतिवेदन पारीत नगरी तलव खर्च लेखेको पाइयो । तलबी प्रतिवेदन पारीत नगरी तलब खर्च लेखेकोले ग्रेड रकम भिडान गर्न सकिएन । प्रतिवेदन पारीत गरेर मात्र खर्च लेखुपर्दछ । | |
| ...५. | **शिक्षक तलवी प्रतिवेदनः** गाउँपालिकामा कार्यरत स्थायी दरबन्दीका शिक्षकहरुको शिक्षक कितावखानाबाट तलबी प्रतिवेदन पारीत गराएर मात्र तलब खर्च लेखुपर्नेमा तलबी प्रतिवेदन पारीत नगराई विद्यालयलाई शिक्षकहरुको तलब बापत निकासा दिएको पाइयो । तलबी प्रतिवेदन पारीत नगराइ तलब भत्ता निकासा गरेकोले ग्रेड रकम भिडान गर्न सकिएन । अतः तलबी प्रतिवेदन पारीत गराएर मात्र तलब निकासा दिनुपर्दछ । | |
| ...६. | **शिक्षक चौमासिक निकासाः** यस वर्ष शिक्षातर्फ ५० सामूदायिक विद्यालयलाई प्रथम चौमासिक रु.४८१५७१४२, दोस्रो चौमासिक रु.४०३९४८५४ र तेस्रो चौमासिक रु.४१६४७६५४ समेत रु.१३०१९९६५० तलव खर्च निकासा गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय वमोजिम रहेका छन्: | |
| ...६.१ | **शिक्षक अभिलेखः** गाउँपालिका कार्यालयले पालिकाभित्र रहेका विद्यालयहरुको स्वीकृत दरबन्दी (राहत, करार समेत) विद्यालयमा शिक्षक पदपूर्तीको अवस्था, सरुवाको विवरण, अवकाश विवरण तयार नगरेकोले निकासा भएको रकम वास्तविक भए/नभएको भिडान गर्न सकिएन । कार्यालयले विद्यालयबाट पेश गरेको माग फारमलाई मात्र आधार लिइ तलब निकासा दिएको देखिएको हुँदा शिक्षक सरुवा, अवकाश भए पश्चात पनि रकम निकासा नभएको भनि भिडान गर्न नसकिएको हुँदा अभिलेख तयार गरी खर्चलाई प्रभावकारी बनाउनुपर्दछ । | |
| ...७. | ३-२०७६।६।१४, कार्यक्रम कार्यान्वयन पुस्तिका (आ.व. २०७६।७७) बमोजिम प्रारम्भिक | |



Scanned with CamScanner

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| | बाल विकास सहजकर्ताको पारिश्रमिक निकासा अनुदान दिंदा सम्बन्धित संस्थाले शैक्षिक तथ्याङ्क २०७६ भरी प्रमाणित भएको यकीन गरी सो आधारमा भर्ना भएका बालबालिकाको आधारमा अनुदान दिने भनी व्यवस्था रहेको छ । उक्त विवरण पेश नै नभई वर्षभरी जम्मा रु.१७९४००० अनुदान निकासा भएकोले पालिकाले नियममा उल्लेख भएको व्यवस्था पालना गर्नु पर्दछ । | |
| ८८. | **निःशुल्क पाठ्यपुस्तकः** पालिकाले निःशुल्क पाठ्यपुस्तक वितरणको लागि ५० विद्यालयलाई गो.भौ.नं. ७८-०७७/१/२१ बाट रु.११४२२३८६ र गो.भौ.नं.७९-०७७।३।२४ बाट अपुग पाठ्यपुस्तकको लागि रु.६३०७०० गरी जम्मा रु.१२०५३०८६ अनुदान निकासा गरेको छ । सार्वजनिक विद्यालयमा प्रदान गरिने निःशुल्क पाठ्यपुस्तक समयमा विद्यालयले खरीद गरी विद्यार्थीले प्राप्त गरे नगरेको, विद्यालयले प्रयोग गर्ने पाठ्यसामाग्री पाठ्यक्रम विकास केन्द्रको स्वीकृत सूची मध्येबाट भए नभएको सम्बन्धमा पालिकाले प्रभावकारी तवरले अनुगमन गर्नु पर्दछ । | |
| ९. | **शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) :** कार्यक्रम कार्यान्वियन पुस्तिका (आ.व. २०७६।७७) मा EMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई छात्रा छात्रबृति र दलित छात्रबृति (कक्षा १-८) प्रति विद्यार्थी वार्षिक रु.४००। का दरले, शिक्षण सिकाइ सामाग्री तथा Book Corner व्यवस्थापनका लागि कक्षा १-५ प्रति विद्यार्थी वार्षिक रु.१५० का दरले, कक्षा ६-१० प्रति विद्यार्थी वार्षिक रु.२००। का दरले, प्रति विद्यार्थी इकाइ लागतका आधारमा प्रारम्भिक बाल विकास कक्षाका लागि प्रति विद्यार्थी वार्षिक रु.५००। का दरले, कक्षा ८ को परीक्षा सञ्चालन प्रति विद्यार्थी वार्षिक रु.२००। का दरले, दिवा खाजा बाल विकास कक्षा देखि कक्षा ५ सम्म प्रति विद्यार्थी दैनिक रु.१५। का दरले विद्यालयलाई अनुदान दिने व्यवस्था छ। कार्यालयले EMIS मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग मिलान गरेको पाइएन । जसले गर्दा वास्तविक विद्यार्थी संख्याभन्दा बढी निकासा गएको एकीन गर्ने आधार भएन । कार्यालयले कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए बमोजिम EMIS डाटालाई विद्यार्थी हाजिरी पुस्तिका, परीक्षामा सहभागी संख्या र अनुगमनबाट विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग भिडान गराई शिक्षा अधिकृतबाट प्रमाणित गरेर मात्र अनुदान निकासा दिनु पर्दछ । | |
| | **प्रमाण कागजात बेगर भुक्तानीः** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ३७ (२) अनुसार स्वीकृत कार्यक्रम अनुसारको रकम खर्च गर्नुपूर्व खर्चको अख्तियारी दिनेले खर्चको यथेष्ट प्रमाणका आधारमा मात्र खर्चको स्वीकृती दिनुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारको भुक्तानीहरु कैफियतमा उल्लिखित प्रमाण बेगर भुक्तानी दिएको देखियो । अतः बजेट खर्च गर्दा खर्चका यथेष्ट प्रमाणका आधारमा मात्र भुक्तानी दिई अनावश्यक खर्च नियन्त्रण गर्नु पर्दछ । | |

| भौ.नं.र मिति | नाम | विवरण | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| ८१/०७७।३।२४ | शिक्षोदय मा.वि. बागथला | क्षति प्रयोजनार्थ | ६५०००० | विद्यालयको प्रतिवेदन नभएको । |
| ९६/०७७।३।२४ | रायल युवा फर्म सिचाई पोखरी | पोखरी निर्माण प्रयोजनार्थ | ९५९२७ | सम्झौता पत्र नभएको। |



Scanned with CamScanner

| क्र. | भौ.नं., मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| | निर्माण | | | |
| ९९/०७७।३।२४ | कैलाश आधारभूत विद्यालय केदारस्यूँ | शैक्षिक सामाग्री | १९४९४३ | दाखिला प्रतिवेदनमा दाखिला नं. नभएको । |
| ९४/०७७।३।२४ | भवानी मा.वि. | कम्प्युटर प्रयोगशाला सामाग्री | ६५०००० | दाखिला प्रतिवेदनमा दाखिला नं. नभएको । |
| ८५/०७७।३।२४ | जगन्नाथ मा.वि. | पुस्तकालय स्थापना तथा व्यवस्थापन | ६५०००० | सम्झौता पत्र नभएको । |
| ६६/०७७।२।२६ | कालिका पोखरे कृषक समूह | सिचाई कूलो निर्माण | ९९८४२ | समूहको छाप नभएको। |

| | | |
|---|---|---|
| ११. | ११३-२०७७।३।२४, नरेश बहादुर धामीलाई बहाल समेत बापत रु.६५०००० भुक्तानी दिएकोमा रु.३८८४० को मात्र प्रमाण पेश गरेकोले थप बील भरपाई वा प्रमाण पेश हुनुपर्ने अन्यथा असूल हुनुपर्ने रु. | ६१११६० |
| १२. | **सक्कल पेश गर्नुपर्ने:** ९४-२०७७।३।२४, भवानी मा.वि.लाई कम्प्युटर प्रयोगशाला बापत उग्रतारा टेक्निकल गुड्स एण्ड सप्लायर्सले सक्कल बील भरपाई पेश नगरी रकम भुक्तानी लिएको हुँदा सो को सक्कल पेश गर्नुपर्ने रु. | ४९९१७७.५० |
| १३. | **सक्कल पेश गर्नुपर्ने:** ९५-२०७७।३।२४, शैक्षिक पहुँच सुनिश्चितता अनौपचारिक कार्यक्रमको लागि पेश्की फर्छ्यौट भएकोमा D.R. Surgicals ले भ्याट सहित रु.९९९२० को सक्कल बील भरपाई पेश नगरी रकम भुक्तानी लिएको हुँदा सो को सक्कल पेश गर्नुपर्ने रु. | ९९९२० |
| १४. | **प्राविधिक ग्रेड बढी भुक्तानी:** २४-२०७६।९।२०, सि.अ.हे.व.दीपक बहादुर मल्लको छुट प्राविधिक ग्रेड रु.५४३६६ भुक्तानी भएको तर वास्तविक रुपमा रु.४८२९१ भुक्तानी हुनुपर्नेमा बढी ग्रेड असूल हुनुपर्ने रु. | ६०७५ |
| १५. | **भ्रमण खर्च :** सुदूरपश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् ।<br>• अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।<br>• नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकीकृत विवरण प्राप्त हुन नसकेको ।<br>• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।<br>• कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित गाँउपालिका गएको जनाई सो बापतको खर्च भुक्तानी गर्ने गरेको ।<br>• स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको । | |



Scanned with CamScanner

| क्र | भौ.नं., मिति र ब्यहोरा | बेरुजु रकम |
|---|---|---|
| | अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानूनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ । | |
| १६. | **प्रधानमन्त्री रोजगार कार्यक्रमः-** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम पालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सूचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको र बेरोजगारको सूचिमा समावेशलाई प्राथमिकिकरण गरेको छैन् । खरीद भएको औजारहरुको जिन्सी दाखिला नभएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । योजना उपभोक्ता समिति मार्फत गराई निर्देशिका अनुसार सबै कामदारको बैङ्क खाता खोली रकम भुक्तानी गर्नुपर्नेमा सो विपरित उपभोक्ताको खातामा रकम भुक्तानी गरेकोले बास्तविका श्रमिकले रकम बुझेको तथा यसरी नगद भुक्तानी गर्दा पालिकाले निर्णय गरे बमोजिम हुने भनिएकोमा सो वेगर भर्पाईका आधारमा रकम भुक्तानी गरेको साथै श्रमिकको सङ्ख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाइएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा गोरेटो बाटो, मन्दिर घेरवार, बाटो मर्मत तथा सिचाई कुलो निर्माण कार्य लगायतका साना साना कार्यक्रम सञ्चालन गरी यस वर्ष ५११ जनालाई रोजगारी उपलव्ध गराई रु.६३९७६१९। खर्च गरेको छ। लक्षित वर्गलाई १५ दिनदेखि ६० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन् । | |
| | **सामाजिक सुरक्षातर्फः** | |
| १७. | **बैङ्क मार्फत भत्ता वितरणः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ७ को दफा २२ मा स्थानिय तहले सर्शत अनुदानको सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रम मन्त्रालयको स्वीकृती वेगर नगद वितरण गर्न नपाइने, सो सम्भव नभए सम्बन्धित वडा समितिको रोहवरमा भत्ता वितरण गर्नुपर्ने उल्लेख छ । गाउँपालिकाले स्वीकृति बिना वडा नं. १ देखि ९ सम्म बैकिङ्ग प्रणाली मार्फत भत्ता वितरण नगरी नगद भरपाई गराई वितरण गरेको पाइयो । कार्यविधिमा भएको व्यवस्था पालना गर्नुपर्दछ । | |
| १८. | सामाजिक सुरक्षा कार्याक्रम सञ्चालन कार्यविधि, २०७५ को १३ अनुसार लाभग्राहीको मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाँच बर्ष उमेर | |



Scanned with CamScanner

| भौ.नं., मिति र ब्यहोरा | बेरुजु रकम |
|---|---|

पूरा भएमा, नवीकरण नगरेमा, एक आर्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा, अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेखबाट कट्टा गर्नुपर्ने व्यवस्था रहेकोमा सामाजिक सुरक्षाको मुल अभिलेख तयार गरि पेश भएको छैन् । अतः नामदर्ता र नविकरणबाट आगामी आर्थिक वर्षका लागि कायम हुन आएको लाभग्राहीको विवरण प्रत्येक स्थानीय तहले फागुन मसान्तभित्र विभागले सञ्चालनमा ल्याएको व्यवस्थापन सूचना प्रणाली (एम.आई.एसं) मा अनिवार्य रुपमा प्रविष्टि गर्नुपर्नेमा समयमै सो कार्य भएको छैन् ।

८. **सामाजिक सुरक्षातर्फ बढी निकासाः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने गरी तोकिएकोमा यो वर्ष प्रथम, द्वितीय र तृतीय चौमासिकमा रु. ७४८७२९०० निकास दिएकोमा रु. ७४८७२९०० नै खर्च भएको छ । पालिकाले लाभग्राहीको लगत अद्यावधिक नगरी एउटै चौमासिकमा एकै व्यक्तिको नाममा दोहोरो निकासा हुने गरी दोहोरो खर्च लेखेको, नागरिकता नम्बर नखुलेको, मृत्यू भइसकेका लाभग्राहीको लगत कट्टा नगरी बढी खर्च गरेको पाइयो । पालिकाले यस सम्बन्धमा तहाँबाटै छानवीन गरी दोहोरो परेको रकम असूल गरी लगत अद्यावधिक गर्नुपर्दछ । परिक्षण गरिएका केही भौचरका आधारमा बढी खर्च लेखेको देहाएको रकम असूल गर्नुपर्ने रु.

बेरुजु रकम: १०८०००

| विवरण | वडा नं. | जन्म मिति/उमेर | ना.प्र.प.नं. | प्रथम चौमासिक | तेस्रो चौमसिक | कैफियत |
|---|---|---|---|---|---|---|
| किस्ना देवी मल्ल (विधवा भत्ता) | १ | २०३८।५।१० | ७१३०३२।१२७६ | ८००० | | नागरिकता दोहोरो |
| उजली देवी भण्डारी (विधवा भत्ता) | १ | २०२४।२।१४ | ४२ | ८००० | | दोहोरो |
| तुलसी देवी भण्डारी (विधवा भत्ता) | १ | २०२१।१।१५ | ७१३०३२।७२४ | ८००० | | दोहोरो |
| भुमा देवी भण्डारी (विधवा भत्ता) | १ | २०२६।४।५ | ७१३०३२।११४० | ८००० | | दोहोरो |
| धुनु भण्डारी (विधवा भत्ता) | १ | २०४०।१०।१० | ७११०३२।६८६ | ८००० | | दोहोरो |
| पार्वती देवी भण्डारी (विधवा भत्ता) | १ | २०१५।७।१८ | ७१३०३२।५१९ | ८००० | | दोहोरो |
| बिस्ना कामी (विधवा भत्ता) | १ | २०२१।४।२१ | ७१३०३२।१३५३ | ८००० | | दोहोरो |
| सीता देवी मल्ल (विधवा भत्ता) | १ | २०२५।३।१० | २९८६५ | ८००० | | दोहोरो |
| मनोज मल्ल (पूर्ण अपाङ्गता भत्ता) | १ | २०५३।८।१८ | १४१ | १२००० | | दोहोरो |
| जलु कामी | १ | २००१।१। | ७११।०३२। | | १२००० | दोहोरो |



Scanned with CamScanner

| क्र | भौ.नं., मिति र ब्यहोरा | बेरुजु रकम |
|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| (जेष्ठ ना.भत्ता अन्य) | | १ | ३९५ | | | |
| पदमा देवी भण्डारी (जेष्ठ ना.भत्ता अन्य) | १ | २००५।११।३० | १५१९ | | १२००० | दोहोरो |
| किस्ना देवी मल्ल (विधवा भत्ता) | १ | २०३८।५।१० | ७१३०३२।१२७६ | | ८००० | नागरिकता दोहोरो |
| जम्मा रु. | | | | ७६००० | ३२००० | १०८००० |

१००. **सञ्चित कोषमा फिर्ता गर्नुपर्ने रकम भरपाई गरी बाँडफाँड गरेकोः** सामाजिक सुरक्षा वितरणका लागि निकासा दिएको प्रथम चौमासिकको रकम वितरण गरी वितरण पछि बाँकी रहेको रकम सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्नेमा सो नगरी रु.९८७२०० दोस्रो चौमासिकमा मिलान गरेको पाइयो । व्यवस्थापन सूचना प्रणालीमा लिफ्टिङ्ग भएका सबै लाभग्राहीलाई नियमानुसार सामाजिक सुरक्षा भत्ता वितरण भैसकेकेछि पुनः फिर्ता हुनुपर्ने रकम कसलाई वितरण गरेको हो सो समेत नखुल्ने अवस्थामा दोहोरो भत्ता वितरणको जोखिम देखियो । अतः किस्ता वितरणबाट बाँकी रकम पुनः वितरण नगरी सञ्चित कोषमा फिर्ता हुनु पर्दछ ।

**विपद् व्यवस्थापनः**

१०१. **समिति गठनः-** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिए बमोजिमको समिति गठन गरेको/समिति गठन भएतापनि २ वटा बैठक बस्ने बाहेक अन्य कार्य गरेको पाइएन । ऐनमा तोकिए बमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनु पर्दछ ।

१०२. **कार्य योजनाः-** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परीषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ ।

१०३. **विपद्/प्रकोप व्यवस्थापन कोषः —** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३ (१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले



Scanned with CamScanner

| क्र | भौ.नं, मिति र ब्यहोरा | बेरुजु रकम |
|---|---|---|
| | बनाएको नियममा तोकिए बमोजिम हुने व्यवस्था छ । कोषमा यस वर्ष रु.१४२५५००० आम्दानी भएकोमा रु.१३९७३५३२। खर्च गरी बाँकी रु.१०६४३। देखिन्छ । | |
| ०४ | **वार्षिक प्रतिवेदनः** —विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ०५. | **कोभिड व्यवस्थापन खर्चः** यस वर्ष कोभिड १९ कोषमा प्रदेश सञ्चित कोषबाट रु.२०२००००, स्थानीय प्रकोप व्यवस्थापन कोषबाट रु.१३८५२४२०, तथा प्रदेश कोभिड कोषबाट रु.२३५००० गरी रु.१६१०७४२० आम्दानी भई परिचालन भएकोमा उक्त आयबाट पालिकाले क्वारेन्टाइन सञ्चालनमा रु.२४२८२५०, राहत वितरणमा रु.७४४२१२८, अलपत्रलाई ओसार पसार वापत रु.१०००००, कोभिड सामाग्री खरीद रु.२१८६२२३, आइसोलेशन निर्माणमा रु.२०००००, स्वास्थ्यकर्मी जोखिम भत्ता रु.२५१५८१६, सुरक्षाकर्मी जोखिम भत्ता रु.६००००० तथा पदाधिकारी जोखिम भत्ता रु.७३५००० गरी जम्मा जोखिम भत्तामा रु.३८५०८१६ समेत कूल रु.१६१०७४२० खर्च गरेको छ । विवरण परीक्षण गर्दा कोभिड १९ मा गरेको खर्च पारदर्शी छैन् । यस्ता खर्च आवश्यकता र औचित्य समेत विचार गरी खर्चमा नियन्त्रण गर्नु पर्दछ । | |
| ०६. | **सरकारी तथ सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरणः** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार सँरक्षण तथा अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु गराउनु तथा अभिलेख व्यवस्थापनमा ध्यान दिनुपर्ने देखिन्छ । | |
| | **आन्तरिक लेखापरिक्षणबाट कायम बेरुजु :** कार्यालयले आन्तरिक लेखापरीक्षणबाट निस्केका बेरुजु अन्तिम लेखापरीक्षण हुनु भन्दा अगाडी नै नियमित गराउनु पर्नेमा नियमित गराई वा प्रमाण पेश गर्नुपर्नेमा प्रमाण पेश गरी वा असूल उपर गर्नुपर्नेमा असूल उपर गरी बेरुजु लगत कट्टा गरी फछ्र्यौट गरिसक्नुपर्ने व्यवस्था भएता पनि देहाय बमोजिमका व्यहोराहरु फछ्र्यौट गरेको प्रमाण पेश नभएकोले बेरुजु कायम गरिएको छ । | |
| ०७. | **चालुतर्फः** निम्न बमोजिमको भुक्तानीमा कट्टी गरेको कर बढी भुक्तानी भएको रकम असूल दाखिला नभएको रु. | ३०९०८ |

| कार्यक्रम/खर्च विवरण | कर रकम रु. |
|---|---|
| **वित्तिय समानीकरणतर्फः** | |
| स्टार फोटो आर्ट एण्ड स्टेशनरी ,देउराको गो. भौ. १९१ को भुक्तानीमा कर | १९७६ |



Scanned with CamScanner

| क्र | भौ.नं, मिति र ब्यहोरा | | बेरुजु रकम |
|---|---|---|---|
| | डोव पुसतकालय व्यवस्थापन खर्चको भाडा कर | ७०० | |
| | गो भौ १०५ बाट गाडी भाडा भुक्तानी गर्दा वढी भुक्तानी भएको | १६४०० | |
| | ल्या अ झरेन्द्र वहादुर सिंहको पे फ मा अपुग विल भरपाई | ८८७ | |
| | गा पा तिज गित कार्यक्रममा डि जे को भाडा कर | ७०० | |
| | **स्वास्थ्यतर्फः** | | |
| | स्वास्थ्य स्वयँसेविकाको अर्धबार्षिक समिक्षामा विल भरपाई अपुग | १२३५ | |
| | **कृषितर्फः** | | |
| | कैलाश भवानी मा वि पुस्तकालय व्यवस्थापन कार्यक्रममा भाडा कर | ३८५० | |
| | रोयल युवा फर्मलाई गो भौ ९६ बाटको भुक्तानीमा अपुग विल भरपाई | ५१०० | |
| | जम्मा | ३०९०८ | |
| ०८ | **पूँजिगततर्फ** : निम्न बमोजिमको भुक्तानीमा कट्टी गरेको कर बढी भुक्तानी भएको रकम असूल दाखिला नभएको रु. | | ३७२७८ |

| कार्यक्रम/खर्च विवरण | रकम रु. |
|---|---|
| **वित्तिय समानीकरण पूजिगततर्फः** | |
| नमादेउ धार्मिक वन घेरवार कार्यक्रममा पान विलमा भ्याट भुक्तानी | ४१५८ |
| **स्थानिय पूर्वाधार विकास कार्यक्रमः** | |
| सुर्मा भवानी मा वि चौर निर्माण कार्यक्रम अग्रिम कर | ११९६५ |
| बागथला भामचौर सडक निर्माण कार्यक्रम अग्रिम कर | २११५५ |
| जम्मा | ३७२७८ |



Scanned with CamScanner

## केदारस्यूँ गाउँपालिका, बझाङको सञ्चित कोषको विवरण
## २०७६।०७७

अनूसूची १

(रु. हजारमा)

| क्र.सं. | स्थानीय तह | जिल्ला | आय | | | | | | व्यय | | | | मौज्दात बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | सङ्घ तथा प्रदेश अनुदान | राजस्व बाँडफाँड | आन्तरिक आय | अन्य आय | जम्मा आय | चालु खर्च | पूँजिगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| १ | केदारस्यूँ गाउँपालिका | बझाङ | ४५६७७ | ३६१६०७ | ४६८५७ | ११६३ | १०६२६७ | ५१५८९४ | २८४९६९ | १२९२३० | १०५९७९ | ५२०१७८ | ४१३१३ |

## बेरुजू वर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७६।०७७

अनूसूची २

(रु. हजारमा)

| क्र.सं | स्थानीय तह | प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | सै | ल | रकम | सै | ल | रकम | सै | ल | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी पेश्की | अन्य पेश्की | जम्मा |
| १ | केदारस्यूँ गाउँपालिका | ७८ | ३१ | ७९३१ | ० | ० | ० | ७८ | ३१ | ७९३१ | ३३८२ | १८४७ | २७०२ | ० | ० | ४५४९ | ० | ० | ० |

## अद्यावधिक बेरुजू स्थिति
## २०७६।०७७

अनूसुची ३

(रु. हजारमा)

| क्र.सं. | स्थानीय तह | जिल्ला | गत वर्ष सम्मको बाँकी | यो वर्षको फछ्यौंट | बाँकी बेरुजू | यो वर्षको थप रकम | जम्मा बेरुजु बाँकी | हालसम्मको पेश्की बाँकी |
|---|---|---|---|---|---|---|---|---|
| १ | केदारस्यूँ गाउँपालिका | बझाङ | ७४३९ | ० | ७४३९ | ७९३१ | १५३७० | ९४५ |



Scanned with CamScanner